# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

# (Local Disaster and Climate Resilience Plan-LDCRP)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## लेकवेशी नगरपालिका, सुर्खेत

## २०७८

| | | |
|---|---|---|
| योजनाको नाम | : | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना<br>Local Disaster and Climate Resilience Plan (LD-CRP) |
| प्रकाशक | : | लेकवेशी नगरपालिका, सुर्खेत |
| प्राथमिक तथ्यांक संकलनतथा मस्यौदा तयारी | : | नेपाल रेडक्रस सोसाइटी<br>जिल्लाशाखा, सुर्खेत |
| मस्यौदा योजना समीक्षा तथा अन्तिम योजना तयारी | : | समावेशी उत्थानशीलता तथा जवाफदेहिता प्रवर्धनका लागि युवा संजाल सुदृढिकरण (प्रयास परियोजना) |

प्रयास परियोजना

| | | |
|---|---|---|
| प्राविधिक सहयोग | : | नेपाल युवा संस्था संजाल - आयोन (साझेदार, प्रयास परियोजना)<br>काठमाडौँ महानगरपालिका-३१, शंखमूल, काठमाडौँ<br>फोन: ९७७–१–४१०२०६५,<br>इमेल: ayon@ayon.org |
| सर्वाधिकार | : | लेकवेशी नगरपालिका, सुर्खेत |
| तयारी वर्ष | : | २०७८ |

# लेकबेशी नगरपालिकाको कार्यालय

**कल्यान, सुर्खेत**

## मन्तव्यः

विपद प्राकृतिक तथा मानवजन्य कारणले आकस्मिक रुपमा हुने घटना हो । विपद् प्राकृतिक रुपमा आफै वा कतिपय मानविय कृयाकलापले पनि सृजना हुने गर्दछ । नेपाल भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी, शितलहर, हिमतालविष्फोट, सर्पदंश, चट्याङ्ग आदिको जोखिममा रहेको एक विकासशिल मुलुकहो । नेपालका सवै गाउँ, सहर र क्षेत्र कुनै न कुनै प्रकारको प्रकोपको जोखिममा पर्दछन्। प्रकोपका घटनाहरु र यसवाट हुने जनधनको क्षति पनि दिनानुदिन बढ्दै गईरहेको अवस्थामा विपद् को मार खेपिरहेका समुदायस्तरवाट नै विपद् जोखिमन्यूनिकरण तथा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने पहलहरु शुरु भएका छन्, तर यसको प्रभावकारिता स्थानीय स्तरमा नै कार्यान्वयन भएमामात्र हुन सक्दछ । समुदायस्तरमा नै जोखिमन्यूनीकरणका तथा व्यवस्थापनकाकार्यहरु स्थानीय तहवाटै शुरु गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै यो योजना तर्जुमा गरिएको छ । सम्भावित विपद्को जोखिम कमगर्न, विपद्को समयमाद्रुत रुपमा आपतकालीन विपद् प्रतिकार्य गर्न र विपद्पश्चात पुनःस्थापनाकार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न यस योजनाले सहयोग गर्नेछ । विगतका अनुभवका आधारमा पनि विपद् जोखिम व्यवस्थापनकार्यलाई व्यवस्थित बनाउन स्थानीय स्तरमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजना महत्वपूर्ण देखिएकोले लेकवेशी नगरपालिकाले यो योजनातर्जुमा गरेको छ । यस योजनाको कार्यान्वयनसंगै नगरपलिकामा जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारीका कार्यहरु थालनी हुने र विपद्को क्षतिन्यूनीकरण तथा व्यवस्थापनमा सहयोग पुग्ने छ ।

यस योजना निर्माणमा महत्वपूर्ण निर्देशन सल्लाह सुझाव गर्नुहुने नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय ज्यू, विपद् व्यवस्थापन शाखा प्रमुख ज्यू, वडा अध्यक्षज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधीज्यूहरु र योजना निर्माणमा संलग्न सम्पूर्ण नगरपालिका कर्मचारीहरु, सहयोगी संस्थाहरु, प्राविधिक सहयोग गर्ने  आयोन नेपाल, भि एस ओ नेपाल, नेपाल रेडक्रस सोसाइटि जिल्ला शाँखा सुर्खेत लगायत अन्य सरोकारवालाहरु सवैलाई धन्यवाद दिन चाहन्छु । यस योजनाको आधारमा नगरपालिकाले आगामीदिनमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा महत्वपूर्ण उपलव्धी हासिल गर्नेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

**गगन सिं सुनार**
**नगर प्रमुख**
**लेकबेशी नगरपालिका**
**मितिः २०७८ साल चैत्र**

**विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावलीहरु:**

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| जलवायु परिवर्तन अनुकूलन | Climate Change Adaptation |
| आपत्कालिन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम न्यूनीकरण | Disaster Risk Reduction |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न/सङ्कटासन्नता | Vulnerable/Vulnerability |

# शब्द सङ्क्षेपः

| | |
|---|---|
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| न.पा | नगर पालिका |
| गा.पा | गाउँ पालिका |
| नविव्यस | नगर स्तरीय विपद् व्यवस्थापन समिति |
| स्थाविव्यस | स्थानीय विपद् व्यवस्थापन समिति |
| जुरेस | जुनियर रेडक्रस सर्कल |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| नेसे | नेपाली सेना |
| शप्रब | शसस्त्र प्रहरी बल |
| साप्रव्यस | सामुदायिक प्रकोप व्यवस्थापन समिति |

# बिषय–सूची

## खण्ड–१

## परिचय

| | |
|---|---|
| १. पृष्टभूमी | १ |
| १.१ लेकबेशी नगरपालिकाको परिचय | १ |
| १.२ लेकवेशी नगरपालिकाको भौगोलिक तथा समाजिक अवस्था | २ |
| १.३ लेकवेशी नगरपालिकाको ऐतिहाँसिक पृष्ठभूमी | २ |
| १.४ नगरपालिकाको अवस्थिति (सिमाना) | ३ |
| १.५ खानेपानीको श्रोतको आधारमा घरधुरी संख्या | ४ |
| १.६ नगरपालिकाका व्यापारिक केन्द्रहरूको विवरण | ४ |
| १.७ विपद्को जोखिम र संकटासन्नता | ५ |
| १.८. योजनाको उद्देश्य | ६ |
| १.९ योजनाको आवश्यकता तथा महत्व | ७ |
| १.१० योजनाका सीमा | ८ |
| १.११ योजना निर्माण प्रक्रिया विधि | ८ |
| १.१२ योजनाको मूलप्रवाहिकरण | ९ |
| १.१३ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन | १० |

## खण्ड–२

## सङ्कटासन्नता तथा क्षमता विश्लेषण

| | |
|---|---|
| २.१ प्रकोप स्तरीकरण | ११ |
| २.२ ऐतिहासिक समय रेखा विश्लेषण | १३ |
| २.३ प्रकोप पात्रो | २० |
| २.४ मौसमी पात्रो | २१ |
| २.५ बाली र वनस्पति पात्रो | २१ |
| २.६ प्रकोप, जोखिम तथा पारिवारिक संकटासन्नता | २२ |
| २.७ स्रोतको उपलब्धता तथा पहुँच | २३ |
| २.८ बाली तथा वनस्पतिको विवरण | २७ |
| २.११ प्रकोपको जोखिम तथा समस्याको विश्लेषण | २८ |
| २.१२ नगरपालिकाको क्षमता विश्लेषण | ३० |
| २.१३ संस्थागत विश्लेषण सम्बन्धी चित्र | ३१ |
| २.१४ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन | ३३ |
| २.१५ मानवीय जनजीवनमा भविश्यमा पर्न सक्ने संभावित असरहरु | ३३ |
| २.१५ वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण | ३७ |
| २.१६ लेकबेशी नगरपालिकाका सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु | ३८ |

## खण्ड–३
## दीर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति


३.१ दीर्घकालिन सोंच ४०
३.२ परिदृश्य ४०
३.३ लक्ष्य ४०
३.४ उद्देश्य ४०
३.४ नीति ४०
३.५ रणनीति ४०


## खण्ड–४
## विपद् जोखिम व्यवस्थापन योजना


४.१ विपद् पूर्वका क्रियाकलापहरू (सचेतना, क्षमता अभिबृद्धि र पूर्वतयारी) ४२
४.१ (क) नगरपालिकाको जोखिम न्यूनीकरणको लागि नीतिगत नीति व्यवस्थाहरु ४३
४.१ (ख) संरचनात्मक जोखिम न्यूनीकरण : (वडाको संकटासन्नता प्राथमिकिकरणको आधारमा) ४४
४.१ (ग) स्थानीय विपद् व्यवस्थापन समितिले कार्यान्वयन गर्ने संस्थागत सचेतना सचेतना, क्षमता अभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु ५१
४.१ (घ) प्रकोपहरुको सन्दर्भमा छुट्टा छुट्टै जोखिम न्यूनीकरण पूर्वतयारी क्रियाकलापहरु ५९
४.१ (ङ) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति मातहथ कार्यान्वयन गराउने विद्यालय, सामुदायिक वन, स्वास्थ्य चौकी, टोल बिकास समिति सचेसचेतना, क्षमताअभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु ६४
४.२ विपद्को समयका क्रियाकलापहरु ६८
४.३ विपद् पश्चातका क्रियाकलापहरु (पुनर्स्थापना र पुनर्निर्माण) ७५


## खण्ड–५
## स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता

अनुसुचिहरुः


अनुसुचि : १
(क) लेकवेशी नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको विवरण ७९
अनुसुचि : २
लेकबेशी नगरपालिकाको वडा अन्तरगतका वडा विपद् व्यवस्थापन समितिहरुको विवरण ८३
अनुसुचि : ३ ८९
अनुसुचि : ४
आकस्मिक सम्पर्कका लागि टेलिफोन नम्बरहरु ९०
अनुसुचि : ५
लेकबेशी नगरपालिकाबाट CADRE तालिम प्राप्त व्यक्तिहरुको सुचीः ९१
अनुसुचि : ६
नगर विपद् व्यवस्थापन ऐन ९५
सन्दर्भ सामग्रीहरु ११६

# खण्ड - १
# परिचय

## १. पृष्ठभूमीः

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २०औ विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ। विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औ तथा जलवायु परिर्वतनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ । २०७२ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८९७० जनाको ज्यान गएको थियो । यस तथ्यांकले नेपालका प्राय सबै भूभाग बहुप्रकोपको जोखिममा रहेको पुष्टि गर्दछ ।

## १.१ लेकबेशी नगरपालिकाको परिचय :

लेकवेशी नगरपालिका विभिन्न बहुप्रकोपको जोखिममा रहेको एक कृषी प्रधान तथा पर्यटनको संम्भावित नगरपालिकाको रुपमा रहेको छ । यस नगरपालिकाका बाढीरपहिरो, हावाहुरी, जंगली जनावर आतंक, आगलगी, सडक दुर्घटना, शीतलहर, चट्याङ्ग, समस्या (डेन्गु, झाडापखला, खडेरी र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको जोखिममा रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ। विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १ (न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै लेकवेशी नगरपालिकामा प्रयास परियोजनाको आर्थिक तथा प्रविधिक सहयोग र लेकवेशी नगरपालिका संगको समन्वयमा यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना २०७८ निमार्ण गरी लागु गरिएको छ ।

## १.२ लेकवेशी नगरपालिकाको भौगोलिक तथा सामाजिक अवस्था

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ५ वटा गाविसहरु लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानीलाई एक आपसमा गाभेर मिलाइ १० वटा वडामा विभाजन गरी यो लेकवेशी नगरपालिकाको संरचना तयार पारिएको हो। कुल १८०.९२ बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो नगरपालिका सुर्खेतका ९ वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलका हिसाबले दोस्रो सानो नगरपालिका एंवम तेस्रो सानो स्थानीय तहमा पर्दछ। प्रस्तावित ६ नं प्रदेशको प्रादेशिक राजधानी वीरेन्द्रनगरका पुर्वी सिमाना संगै जोडिएको यो नगरपालिका भेरी नदीको किनारमा अवस्थित दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणीय वातावरणमा रहेको सुन्दर नगरपालिकामा थोरै साधन र स्रोतको लगानीवाट नगरपालिकाको, सामाजिक आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा विकास हुन सक्ने सम्भावना रहेको छ। भौगोलिक हिसाबले विकट र विकासको हिसाबले विकासोन्मुख अवस्थामा यो नगरपालिका रहेको छ। २०७८ सालको जनगणना अनुसार कुल ३१ हजार ७ सय ९१ जनसंख्या रहेको यो नगरपालिका भित्र बिभिन्न जातजातीहरुको बसोबास रहेको छ। कुल जमिनको ५४ प्रतिशत भुभाग बनजंगलले ढाकेको यस नगरपालिका भित्र प्रशस्त खोलानाला तथा भेरी नदी रहेको छ।

## १.३ लेकवेशी नगरपालिकाको ऐतिहासिक पृष्ठभूमी

सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखि पुर्वी क्षेत्रमा संगै सिमाना जोडिएको लेकवेशी नगरपालिका साविकका ५ वटा गाविसहरु (लेखफर्सा, दशरथपुर । नेटा, कल्याण र साटाखानी एकआपसमा गाभिएर मिति २०७३ फाल्गुण २७ गतेदेखि लेकवेशी नगरपालिका बनेको हो । यस नगरपालिकाको २०६८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ३१ हजार ७ सय ९१ जना रहेकोमा १४ हजार ९ सय ७८ जना पुरुष र १६ हजार ८ सय १३ जना महिला रहेका छन् भने क्षेत्रफल करिब १८०.९२ वर्ग कि मि रहेको छ। यस क्षेत्रमा पर्यटन, कृषि पशुपालनको उच्च सम्भावना रहेको छ। जातीय रुपमा मिश्रित बसोबास रहेको यस नगरपालिकामा जनजातीहरुको बाहुलयता रहेको छ। विशेष गरि ब्राहमण, क्षेत्री, मगर, दलितहरुको उच्च बसोबास रहेको देखिन्छ। यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ। यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त केहि भु-भाग भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरु जिविकोपार्जनका लागि कृषिका अतिरिक्त ज्यालामजदुरी काम गर्नका लागि भारत लगायत अन्य देशहरुमा जाने गरेको देखिन्छ। मुख्य गरी वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानिने यस नगरपालिका नजिकको बजार गंगटे बजार हो भने नांगे, महेन्द्रगंज नगरपालिकाका मुख्य व्यापारिक केन्द्र हो। चिंगाड खोलाको नजिकमा रहेको गंगटेबजार प्राकृतिक नदिजन्य उत्पादन, तरकारी, खाद्दान्न, किरानाको सामानहरु किनबेच गरिन्छ। नगरपालिका वडा नं. ८ मा रहेको भोटेको दरबार सुर्खेत जिल्ला सहित आसपासका अन्य जिल्लाहरुको केहि भुभागहरु दृश्यावलोकन गर्न सकिन्छ। यस नगरपालिकामा धार्मिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेका खाँडदेवि मन्दिर, देवीडाँडा मन्दिर र भेरी नदी जस्ता अन्य दर्जनौ सम्पदाहरु रहेका छन्। साविकका ५ वटा गाविसहका ४५ वटा वडाहरु लाई पुनसंरचना गरी यस नगरपालिकामा १० वटा वडाहरु बनेको छन्। साविकको कल्याण गाविस तथा हालको वडा नं. छ सबै वडाहरुको लागि भौगोलिक रुपमा पायक केन्द्र पर्ने भएकोले नगरपालिकाको मुख्य केन्द्र वडा नं. ६ कल्यानमा स्थापना गरिएको छ। राज्यको बिकेन्द्रीकृत शाशन प्रणाली तथा स्थानीय जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस नगरपालिकाले सरकारी निकायका बिभिन्न बिषयगत कार्यालयहरु र गैरसरकारी संघ/संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ।

**नयाँ संरचना अनुसार लेकवेशी नगरपालिका वडा विभाजन तथा जनसंख्याः**

| वडा नं. | साविकका गा.वि.स. | साविकका वडा हरु | क्षेत्रफल (वर्ग कि.मी) | परिवार संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | लेखफर्सा | ५-८ | ११.४३ | ८८० | ३८८९ |
| २ | लेखफर्सा | १-४,९ | १६.१५ | ४२१ | १९३४ |
| ३ | दशरथपुर | १-४ | ११.१८ | ५१३ | २२८३ |
| ४ | दशरथपुर | ५-९ | १०.३२ | ७०८ | ३०६४ |
| ५ | नेटा | १-९ | ३३.७६ | ६४७ | ३५६७ |
| ६ | कल्याण | १-५ | १९.७५ | ७२६ | ३४५९ |
| ७ | कल्याण | ६-९ | १७.७५ | ५४५ | २८४८ |
| ८ | साटाखानी | ८-९ | १८.३८ | ४४७ | २३१३ |
| ९ | साटाखानी | ५-७ | १८.८४ | ७५६ | ३६२८ |
| १० | साटाखानी | १-४ | २३.२६ | ७०३ | ३३१० |
| **जम्मा** | | | **१८०.९२** | **६३३४६** | **३०२९५** |

## १.४. नगरपालिकाको अवस्थिति (सिमाना) :

सुर्खेतका ९ वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलका हिसाबले दोस्रो सानो नगरपालिका एंवम तेस्रो सानो स्थानीय तह अर्न्तगत यो लेकवेशी नगरपालिका पर्दछ । विश्व मानचित्रमा यसको फैलावट २८ डिग्रि २८ मिनेट उत्तर देखि २८ डिग्रि ३३ मिनेट उत्तरी अक्षांसम्म र ८१ डिग्रि ४६ मिनेट पुर्व देखि ८१ डिग्रि ५० मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतहबाट ४६८ मीटर देखि १७०० मिटर सम्मको उचाइमा रहेको यस नगरपालिकाको क्षेत्रफल १८०.९२ वर्ग किलोमिटर रहेको छ । जिल्ला सदमुकाम वीरेन्द्रनगर नगरपालिका बाट १ देखि १० कोषको दुरी सम्ममा यो नगरपालिकाका वडाहरु फैलिएका छन्। यस नगरपालिकाको पूर्वमा गुर्भाकोट नगरपालिका, दक्षिणमा भेरी नदी तथा भेरिगंगा नगरपालिका, उत्तरतर्फ चिङ्गाड गाउँपालिका र पश्चिममा वीरेन्द्रनगर नगरपालिका रहेको छ । दक्षिण भेगमा भेरी नदीले छिमकी गाउँपालिका भेरीगंगा संग, पशिचममा झुप्रा खोलाले वीरेन्द्रनगर नगरपालिका संग,उत्तरमा पहाड तथा डाँडाकाँडाहरुले चिङ्गाड गाउँपालिकासंग र पुर्वामा खहरे खोलाले गुर्वाकोट नगरपालिकासंग सिमाना छुट्टाएको छ ,जुन निम्न अनुसार रहेको छ ।

**सिमाना पुर्वमाः गुर्भाकोट नगरपालिका, पश्चिममाः वीरेन्द्रनगर नगरपालिका, उत्तरमाः चिङ्गाड गाउँपालिका दक्षिणमाः भेरी नदी र भेरीगंगा नगरपालिका**

**भौगोलिक स्वरूप**

सुर्खेत जिल्लाको पुर्वी भागमा अवस्थित लेकवेशी नगरपालिका महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चट्टानयुक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको, खोलानाला, दशरथपुरको उपत्यका रहेको छ । दक्षिण भेगमा भेरी नदीले छिमकी गाउँपालिका भेरीगंगासँग, पशिचममा भुप्रा खोलाले वीरेन्द्रनगर नगरपालिकासँग,उत्तरमा पहाड तथा डाँडाकाँडाहरुले चिङ्गाड गाउँपालिकासंग र पुर्वमा खहरे खोलाले गुर्वाकोट नगरपालिका संग सिमाना रहेको छ । यस नगरपालिका पूर्वदेखि पश्चिम सम्म एकै प्रकारको भुगोल र चौडा क्षेत्रफल छ । उर्वर भूमि र विशाल जंगल,नदी तथा खोलाक्षेत्रले

ओगटेको यस नगरपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ। भाग समुन्द्री सतहको ४६८ देखि १७०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ। महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, भोर्लो, बाँफ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसोजस्ता बनस्पती पनि प्रशस्त पाइन्छ। यस भु-भागमा औषत १०० मिलिलिटर भन्दा बढी नै वर्षा हुने गर्दछ। भौगोलिक अवस्था समुन्दी सतहवाट ४६८ मीटर देखि १७०० मिटर सम्म तापक्रम : अधिकतम ४२ डिग्री देखि ० डिग्री सेल्सीयस सम्म

### १.५ खानेपानीको श्रोतको आधारमा घरधुरी संख्या :

नेपाल आफैमा जलस्रोतले एक धनि देश हो तर जनसंख्याको तीव्र वृद्धि र भौगोलिक असमानता र विकटताका कारण नेपालमा कैयन नेपाली नागरिकहरूले स्वच्छ खानेपानी पिउनबाट बञ्चित भइरहेका छन्, यस नगरपालिकाका नगरबासीहरु पनि यो समस्या बाट अछुतो हुन सकेका छैनन्। नगरपालिकाको वडागतको विश्लेषण गर्दा सबैभन्दा बढी धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या ५१८७ रहेको पाइएको छ। साथै यस नगरपालिकामा खोला, मुल धारा, नदी, पोखरीबाट, ईनार जरूवा र कुवाको पानी प्रयोग गर्ने घरपरिवारहरू पनि रहेका छन्। सो सम्बन्धी विस्तृत विवरण तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

| वडा नं | साविक गाविस | जम्मा घर धुरी | खानेपानीको मुख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/ पाईप | ट्युबवेल/ हातेपम्प | ढाकिएको इनार/ कुवा | खुला इनार/ कुवा | लिफ्ट, पोखरी | खोला तथा नदी | अन्य | अनुत्तरीत |
| १,२ | लेखफर्सा | १,३०१ | १,१८७ | १ | ० | ५ | ९१ | ४ | ७ | ६ |
| ३, ४, | दशरथपुर | १,२२१ | १,१६३ | १ | ० | ५ | ३१ | ६ | ० | १५ |
| ५ | नेटा | ६४७ | ५१२ | ० | ८ | ५६ | ५५ | ११ | २ | ३ |
| ६,७ | कल्यान | १,२७१ | ६३८ | ० | ३ | ३९ | ४१८ | १४९ | १८ | ६ |
| ८,९,१० | साटाखानी | १,९०६ | १,६८७ | २ | १ | २३ | १२९ | ४६ | ० | १८ |
| | **जम्मा** | **६,३४६** | **५,१८७** | **४** | **१२** | **१२८** | **७२४** | **२१६** | **२७** | **४८** |

स्रोत : राष्टिय जनगणना २०६८

### १.६ नगरपालिकाका व्यापारिक केन्द्रहरूको विवरण :

यस नगरपालिकाको प्रमुख व्यापारिक दशरथपुर बजार हो। यसका अलवा नगपालीकाका अन्य वडाहरु अर्न्तगत स-साना बजारहरू जसले वडाहरूको पाएक पर्ने स्थानलाई केन्द्र बनाई संचालित छन्। ति बजारहरूको वडा अनुसाको विवरणलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

| वडा नं. | मुख्य बजारको नाम | मुख्य किनबेच हुने सामग्रीहरु | कैफियत |
|---|---|---|---|
| १ | बुटल बजार, हाड बजार, मिलडाँडा बजार, मदनचोक बजार, चिप्ले छोटे चोक बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| २ | सोरथीचोक, सिद्धार्थ चोक, गोयघारी चोक | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ३ | गोरामारे पिपल चौतारी, गोरामारे मिलनचोक, स्याउले बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |

| वडा नं. | मुख्य बजारको नाम | मुख्य किनबेच हुने सामग्रीहरु | कैफियत |
|---|---|---|---|
| ४ | घाट बजार,घुम्ने बजार, गम्खोला बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ५ | नेटा, मझुवा, खोला, डाँडागाँउ, भुरुङ्गडाँडा | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ६ | स्याउलीबजार, कल्पना चोक, रानागाँउ बजार, बाघखोर बजार, हिलेसोता, सात्तले, पुरानोघाट बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ७ | पुल्टार, लवना बजार, कुईरे, पिपलडाँडा बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ८ | कुईनेपानी, आरन्टुडा | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| ९ | गंगटे, चौरासे, पोखरा भञ्ज्याङ्ग, बडीपाटी | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |
| १० | बडीपाटी, शान्तीपुर, साँटाफाँट, चुनियापानी, देवीडाँडा बजार | खाजा, खाना, किरानाका सामान, लत्ता कपडा आदी | |

**वडागत घरधुरी संख्या तथा लिङ्कको आधारमा जनसंख्याको विवरण**

| वडा न. | घरधुरी संख्या | जनसंख्या २०६८ | | | औषत परिवार आकार | लैगिक अनुपात | क्षेत्रफल (बर्ग कि.मि) | जनघनत्व ( औषत) |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महीला | | | | |
| १ | ८८० | ३,८८९ | १,७६५ | २,१२४ | ४.४२ | ८३.१० | ११.४३ | ३४०.२१ |
| २ | ४२१ | १,९३४ | ९०८ | १,०२६ | ४.५९ | ८८.५० | १६.१५ | ११९.७२ |
| ३ | ५१३ | २,२८३ | १,००६ | १,२७७ | ४.४५ | ७८.७८ | ११.१८ | २०४.१९ |
| ४ | ७०८ | ३,०६४ | १,४१६ | १,६४८ | ४.३३ | ८५.९२ | १०.३२ | २९७.०१ |
| ५ | ६४७ | ३,५६७ | १,७८० | १,७८७ | ५.५१ | ९९.६१ | ३३.७६ | १०५.६६ |
| ६ | ७२६ | ३,४५९ | १,५७५ | १,८८४ | ४.७६ | ८३.६० | १९.७५ | १७५.१५ |
| ७ | ५४५ | २,८४८ | १,३१७ | १,५३१ | ५.२३ | ८६.०२ | १७.७५ | १६०.४९ |
| ८ | ४४७ | २,३१३ | १,१०१ | १,२१२ | ५.१७ | ९०.८४ | १८.३८ | १२५.८३ |
| ९ | ७५६ | ३,६२८ | १,७१६ | १,९१२ | ४.८० | ८९.७५ | १८.९४ | १९१.५२ |
| १० | ७०३ | ३,३१० | १,५३८ | १,७७२ | ४.७१ | ८६.७९ | २३.२६ | १४२.३० |
| **जम्मा** | **६३४६** | **३०,२९५** | **१४,१२२** | **१६,१७३** | **४.७७** | **८७.३२** | **१८०.९२** | **१६७.४५** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस नगरपालिकाको २०७८ को जनगणना अनुसार ३१ हजार ७ सय ९१ जना रहेकोमा १४ हजार ९ सय ७८ जना पुरुष र १६ हजार ८ सय १३ जना महिला रहेका छन् ।

## १.७ विपद्को जोखिम र संकटासन्नता :

यस नगरपालिका प्रकोप तथा विपद्को दृष्टिले बाढी तथा पहिरो जन्य प्रकोपबाट उच्च जोखिममा रहेको पाइन्छ । यस नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलतालाई हेर्दा यस नगरपालिकामा बिभिन्न प्रकोपहरुले बेलाबखत दुःख दिईरहेको पाइन्छ ।

खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापको अभाव, अवैज्ञानिक भू उपयोग, असुरक्षित संरचना तथा विकास निर्माण जस्ता कारणले बाढी, पहिरो, भूक्षय, सुख्खाग्रस्तता, आगलागी, एवं जलउत्पन्न प्रकोपहरुले जोखिम सिर्जना गरिरहेको छ। विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाइ नियाल्दा यस नगरपालिकामा देहायका प्रकोपहरुबाट प्रभावित गरेको पाइन्छ । यस नगरपालिकामा रहेको प्रकोपहरु निम्नानुसार छन ।

| क्र.सं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्तर | भूकम्प | बाढी | पहिरो | आगलागी | महामारी | वन्यजन्तु आतंक | रोगकिरा | हावाहुरी | खडेरी | चट्याङ्ग |

हालका वर्षहरुमा विश्व भरी फैलिएको कोभिड १९ ले यस नगरपालिका पनि अछुतो नभएको र यस माहामारीका कारण यस नगरपालिकामा रोजगारको तथा जिविकोपार्जनमा ठुलो चुनौती सिर्जना गरेको छ ।

## १.८. योजनाको उद्देश्यः

विभिन्न प्रकोपहरुको कारणले सिर्जित हुने स्थानीय स्तरमा विपद् तथा जलवायु परिवर्तनका घटनाहरुको व्यवस्थापन कार्यहरूलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नका लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी उत्थानील समुदाय निर्माण गर्न नेपाल सरकार स्थानीय विकास मन्त्रालयले निर्माण गरेका “स्थानीय विपद् जोखिम व्यवस्थापन योजनातर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४” को मस्यौदा अनुसार निर्माण गरिएको छ । यस योजनाको विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात् मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको यस योजनाका पूरक उद्देश्यहरू निम्न छन् :

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न विपद् सम्बन्धी न्युनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी स्थानीय स्तरको विपद् जोखिम व्यवस्थापन गर्नु ।
- स्थानीय तह भित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेषण गर्नु ।
- स्थानीय विपद् तथा जलवायु परिवर्तन सम्बन्धि जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गर्नु ।
- विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।
- विपद् तथा जलवायु परिवर्तनसँग सामना गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् तथा जलवायु परिवर्तन सम्बन्धि जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्गप्रशस्त गर्नु ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवाप्रदान गर्नु ।
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु ।
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।

## १.९ योजनाको आवश्यकता तथा महत्व :

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरूलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा निरन्तर रूपमा यो योजना कार्यान्वयन हुन्छ। विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा  यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ। त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। नगरपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टी गर्दछ :

- नगरपालिकाकास्तरमा संस्थागत संरचना तयार हुने ।
- नगरपालिकाकास्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने ।
- बहुप्रकोप जोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने ।
- नगरपालिकामा तयारी/प्रतिकार्य समूहहरू निर्माण हुने ।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने ।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने ।
- समुदायले व्यवस्थापन गरेका स्रोतहरूमा समान पहुँच ।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिने ।
- समुदायमा आधारित पूर्वसुचना प्रणालीहरूको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्धत पुग्ने ।
- यस योजनाले विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्दत पुऱ्याउछ ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेही ढंगले मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँछ ।
- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- प्रभावित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालिन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## १.१० योजनाका सीमा

सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरूले तयार पार्ने हरेक स्तरका योजना तथा कार्यक्रमहरूका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाको महत्वका साथै निम्नअनुसार सीमा पनि रहेका छन् :

- यो योजनाको कार्यान्वयन स्थानीय निकायहरूले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गको रूपमा गर्ने भएकाले विकास-निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् ।
- यो योजना"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनातर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार तयार गरिएको छ ।
- यस योजनाको कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक रूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निर्क्योल गर्न सकिँदैन ।
- यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

## १.११ योजना निर्माण प्रक्रिया विधि

"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार यो योजना तर्जुमा गर्दा नगरपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन निम्नअनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन् :

**नगरपालिकाको छनोट** : जिल्ला विपद् व्यवस्थापन समिति, नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति लेकवेशी, वडा स्तरिय विपद् व्यवस्थापन समिति लेकवेशी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सुर्खेत, नेपाल रेडक्रस सोसाइटी लेकवेशी नगरपालिका भित्र कार्य क्षेत्र रहेका उप शाखाहरु तथा अन्यसरोकारवाला सघं सस्थाहरु सँग समन्वय गरी नेपाल युवा संस्था संजाल (आयोन) द्वारा संचालित प्रयास परियाजना अन्तरगत स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण गर्न यस नगरपालिका लाइ छनोट गरेको थियो ।

**प्रारम्भिक भेला तथा स्थानीय विपद् व्यवस्थापन समिति गठन :**

नगरपालिकाका अध्यक्ष तथा सम्पूर्ण निर्वाचित जन प्रतिनिधी, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधी, स्थानीय बुद्धीजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका अनुसार नगरपालिका स्तरीय नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन गरिएको थियो ।

**स्थानीय विपद् जाखिम व्यवस्थापन योजना** : लेकबेशी नगरपालिका अन्तरगत नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा छलफल गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बनाउने र योजना बनाउदा नगरपालिकाको समन्वयमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सुर्खेतले संकलन गरेको प्रारम्भिक तथ्यांकको आधारमा नेपाल युवा संस्था संजाल (आयोन) द्वारा संचालित प्रयास परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा  अन्य स्थानीय संघ संस्थाका प्रतिनीधि तथा

सरोकारवालाहरू सँग छलफल गरी नगरपालिका स्तरीय योजना बनाउने कार्यमा सहमति भएको थियो ।

**योजना निर्माण अभिमुखीकरण** : स्थानीय विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी द्वारा संचालित आपत्कालिन प्रतिकार्यका लागि पूर्व तयारी कार्यक्रम अर्न्तगत ५ दिने अभिमुखिकरण नेपालगंजमा नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा संचालन गरिएको थियो । यस अभिमुखीकरणमा सहभागिहरूलाई विपद् सम्बन्धी आधारभूत विषय बस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा बुझाई, विपद् व्यवस्थापन चक्र वारे छलफल गरिएको थियो भने सूचना सँकलन विधि तथा प्रक्रियाको बारेमा छलफल तथा अभ्यास गरिएको थियो ।

**लेकवेशी नगरपालिका वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.ए.)** : यस योजना तयार गर्ने सम्बन्धमा लेकवेशी नगरपालिकाको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको प्राविधिक सहयोग र नगरपालिकाको आर्थिक सहभागितामा १० वटै वडामा जनप्रतिनिधि, जेष्ठ नागरिक, महिला, वुद्धिजिवि नेपाल रेडक्रस सोसाइटी उपशाखाहरु नगरपालिका कार्यालय, वडा कार्यालय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति सँग समन्वय गरी प्रत्येक वडामा गइ वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.ए.) तयार गरिएको थियो ।

**नगरपालिका स्तरीय सूचना संकलन** : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणको क्रममा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरूबाट सहभागितामूलक रूपमा सूचनाको सँकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरू, सम्पन्नता स्तरीकण, नगरपालिकामा हुने प्रकोपहरू र विपद्को ऐतिहासिक विवरण सँकलन गरिएको थियो साथै नगरपालिकामा के काम कहाँ गर्ने भन्ने सवालमा पनि सूचना सँकलन गरिएको थियो । उक्त सूचनालाई नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन समेत गरी नगरपालिका स्तरीय सूचना सँकलन गरिएको थियो ।

**सङ्कटासन्नता तथा क्षमता विश्लेषण** : सवै वडाहरूमा विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्न सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारहरू (VCA Tools) को प्रयोग गरिएको थियो जस अर्न्तगत सामाजिक तथा प्रकोपको नक्शाङ्कन, ऐतिहासिक तथ्याङ्क स्तरीकरण, स्रोतको विश्लेषण, प्रकोप, मौसमी तथा बाली पात्रो, समस्या वृक्ष विश्लेषण, प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफल जस्ता भि.सि.ए. सर्वमान्य औजारहरूको प्रयोग गरिएको थियो ।

**योजनाको खाका लेखन कार्य** : सहभगीबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन श्रोत व्यक्ति, नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र प्रयास परियोजनाका तर्फबाट संयूक्त रूपमा योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।

## १.१२ योजनाको मूलप्रवाहिकरणः

नगरपालिकाले स्वीकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरुलाई प्राथमिकताका आधारमा क्रमश आवधिक, वार्षिक तथा अन्य योजना निर्माण प्रक्रियामा मूलप्रवाहकरण गर्दै लैजाने छ । त्यस्तै, अन्य विषयगत कार्यालयले पनि विषयगत योजना निर्माणका क्रममा स्थानीय विपद तथाजलवायु उत्थानशील योजनामा उल्लेखित क्रियाकलापहरुलाई प्राथामिकता दिईने छ ।

### १.१२.१ योजनाको स्वीकृति :

नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरेर नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी नगरपरिषद्बाट स्वीकृत गराईने छ ।

**१.१२.३ बजेट व्यवस्था :**
स्वीकृत योजनाले निर्धारण गरेका विपद् जाखिम न्यूनीकरणको लागि तय गरेका क्रियाकलापहरुलाई प्राथमिकता अनुसार कार्यान्वयन गर्न, गराउन बजेट विनियोजन गर्नेछ र आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, प्रयास परियोजना, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायसमेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ ।

**१.१२.४ योजना कार्यान्वयन :**
नगरपालिकाले स्वीकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरुलाई आवश्यकता अनुसार स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति अन्तरगत वडा विपद् तथा जलवायु उत्थानशील समिति, सरोकारका निकायहरुसंगको सहकार्य तथा व्यवस्थापन विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.१३ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

क) नगरपालिका तथा गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

ख) गाउँपालिकामा तथा नगरपालिकामा गठित अनुगमन समितिले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यक्रमको समेत अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गाउँपालिका तथा नगरपालिकामा पेस गर्नु पर्नेछ । उक्त प्रतिवेदन गाउँ वा नगरपालिकाले छलफलका लागि गाउँ वा नगर सभामा पेस गर्नुपर्नेछ । यसरी अनुगमन समिति गठन नभएको भए दफा २.४.४ बमोजिम एउटा उपसमिति गठन गर्नुपर्नेछ ।

ग) स्थानीय विपद् तथा जलवायु उत्थानशील सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम गर्नु पर्नेछ ।

घ) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयन गर्ने अन्य संस्थाहरूद्वारा सम्पादित कार्यको समेत सोहि समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ, र सोको प्रतिवेदन सम्बन्धित संस्था, स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्ने छ ।

**२.५.२ योजनाको पुनरावलोकन तथा अद्यावधिक**

क) नगरपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको असरलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजना कार्यान्वयनको अवस्थाको पुनरावलोकन तथा समीक्षा गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नु पर्नेछ ।

ख) स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अद्यावधिक गर्नु पर्नेछ ।

# खण्ड-२
# सङ्कटासन्नता तथा क्षमता विश्लेषण

## २.१ प्रकोप स्तरीकरण :

लेकवेशी नगरपालिकाको १० वटै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति वडा अध्यक्ष, जनप्रतिनिधीहरु स्थानीय बुद्धी जीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा के-कस्ता प्रकोपहरू छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ भनेर जोडी तुलना विधिबाट वडाको स्तरीकरण गरिएको थियो । जुन यस प्रकार रहेको छ :

**वडा स्तरीय प्रकोप स्तरीकरणमा देखिएमा मुख्य प्रकोपहरु :**

| वडा | | लेकवेशी | नगरपालिकाको वडाहरूको प्रकोप तथा प्रकोपको स्तरीकरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | छैठौं | सातौं | आठौं | नवौ |
| १ | वाढी | पहिरो | आगलागी | खडेरी | भूकम्प | रोगकिरा | हावाहुरी | COVID -19 | चट्याङ |
| २ | वाढी | आगलागी | पहिरो | बन्यजन्तु आतक | COVID -19 | हावाहुरी | भूकम्प | खडेरी | चट्याङ |
| ३ | बाढी | पहिरो | आगलागी | बन्यजन्तु आतकं | भूकम्प | COVID -19 | चट्याङ | खडेरी | हावाहुरी |
| ४ | बाढी | पहिरो | वन्यजन्तु आतक | आगलागी | हावाहुरी | COVID -19 | भूकम्प | खडेरी | चट्याङ |
| ५ | वन्यजन्तु आतकं | COVID -19 | किटजन्य आतंक | हावाहुरी | आगलागी | भुकम्प | पहिरो | खडेरी | चट्याङ |
| ६ | COVID -19 | सडक दुघटना | वाढी पहिरो | हावाहुरी | वन्यजन्तु | आगलागी | झाडा पखाला | रोगकिरा | खडेरी |
| ७ | बाढी | पहिरो | वन्यजन्तु आक्रमण | आगलागी | भूकम्प | COVID -19 | रोगकिरा | चट्याङ | खडेरी |
| ८ | बाढी | आगालागी | पहिरो | हावाहुरी | भूकम्प | COVID -19 | खडेरी | रोगकिरा | चट्याङ |
| ९ | COVID -19 | किटजन्य आतंक | हावाहुरी | खडेरी | भूकम्प | पहिरो | बाढी | भूकम्प | चट्याङ |
| १० | पहिरो | वाढी | आगलागी | बन्यजन्तु आतकं | भूकम्प | COVID -19 | चट्याङ | खडेरी | रोगकिरा |

वडामा गरिएको स्तरीकरणको आधारमा लेकवेशी नगरपालिकाको मुख्य प्रकोपहरू निम्न रहेका छन् ।
१. बाढी २. पहिरो ३. आगलागी ४. COVID-19 ५. बन्यजन्तु आतंक
६. रोगकिरा ७. हुरीवतास ८. खडेरी ९. चट्याङ्ग

वडाको स्तरीकरण पश्यात् वडाहरुको प्रकोपको स्तरीकरणलाई मध्य नजर गर्दै, लेकवेशी नगरपालिकाका स्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय बुद्धीजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ-संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा लेकवेशी नगरपालिकामा के-कस्ता प्रकोपहरू छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ भनेर जोडी तुलना विधिबाट लेकवेशी नगरपालिकाको स्तरीकरण गरिएको छ ।

**लेकवेशी नगरपालिकाको प्रकोपको स्तरीकरण :**

| **प्रकोप** | **बाढी** | **पहिरो** | **आगलागी** | **माहामारी COVID-19** | **खडेरी** | **रोगकिरा** | **हुरिवतास** | **चट्याङ्ग** | **वन्यजन्तु** |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | × | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| **पहिरो** | × | × | पहिरो | माहामारी COVID -19 | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **आगलागी** | × | × | × | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| माहामारी COVID-19 | × | × | × | × | माहामारी COVID -19 | माहामारी COVID -19 | माहामारी COVID -19 | माहामारी COVID -19 | माहामारी COVID -19 |
| **खडेरी** | × | × | × | × | × | किटजन्य | हावाहुरी | खडेरी | वन्यजन्तु |
| **किटजन्य आतंक** | × | × | × | × | × | × | **रोगकिरा** | **रोगकिरा** | वन्यजन्तु |
| **हावाहुरी** | × | × | × | × | × | × | × | हावाहुरी | वन्यजन्तु |
| **चट्याङ** | × | | × | × | × | × | × | × | वन्यजन्तु |
| **वन्यजन्तु आतंक** | × | × | × | × | × | × | × | × | × |
| अंकभार | ८ | ६ | ६ | ६ | १ | ३ | २ | ० | ४ |
| स्तर | पहिलो | दोस्रो | तेस्रो | चौथो | आठौं | छैठा | सातौं | नवौं | पाचौ |

**स्तर निर्धारण:**

| बाढी | पहिरो | आगलागी | माहामारी | वन्यजन्तु | रोगकिरा | हावाहुरी | खडेरी | चट्याङ्ग |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | छैटौ | सातौ | आठौ | नवौ |

**नोट : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरिएको छ ।**

माथिको तालिका अनुसार यस लेकवेशी नगरपालिकाको प्रकोपको स्तरीकरण गरी विश्लेषण गर्दा बाढी पहिलो, पहिरो दोस्रो, आगलागी तेस्रो, COVID-19 चौथो, वन्यजन्तु आतंक पाँचौ, किटजन्य छैठौं, हावाहुरी सातौं, खडेरी आठौं तथा नवौं चट्याङ्ग रहेको छ। यस नगरपालिकामा सबैभन्दा बढी जोखिम बाढी र पहिरो तथा आगलागीबाट हुनुका साथै पहिरो र वन्यजन्तु आंतकले उच्च प्रभाव पार्दछ भने खडेरी, हुरीवतासले मध्यम प्रभाव पार्दछ किटजन्य आतंकका कारण पनि प्रभाव पार्ने देखिन्छ। यसैगरी यस नगरपालिकामा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पानी पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने यस वर्ष सलक किराका कारण पनि प्रभाव परेको देखिन्छ यस्ता विभिन्न जलवायु जन्य समस्या देखिएको छ।

## २.२ ऐतिहासिक समयरेखा विश्लेषण फारम (विगत ३० वर्षको विवरण लिने)

यस लेकवेशी नगरपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिन्छ। यस विधिको प्रयोग गर्दा विशेष गरी ज्येष्ठ नागरि कसँग छलफल गर्नु पर्दछ। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ र विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप र कार्य समय निर्धारण गर्ने आधार बनाउन सहज हुन्छ। लेकवेशी नगरपालिकाको ऐतिहासिक समयरेखा यस प्रकार रहको छ :

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बाढी पहिरो | २०७१ श्रावण २८ र २९ | वडा नं. १ | | २० घर प्रभावित | | | | |
| | | | | | | | | |
| भूकम्प | २०७२ वैशाख १२ | वडा नं. १ | | | | | खानेपानीको मुहान सुकेको | |
| हावाहुरी | २०७५ वैशाख | वडा नं. १ | | १० घर प्रभावित | | | | |
| आगलागी | २०७५ | वडा नं. १ | | | | | वनक्षेत्रको बिनास | |
| रोगकिरा (सलह) | २०७७ श्रावण | वडा नं. १ | | ५० घर प्रभावित | | | ६० विघाको तोरी र मकै नष्ट | |
| नदिमा डुवि मृत्यु | २०७७ चैत्र १५ | तोल टोल | १ जना | | | | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| जंगली जनावर आतंक | हरेकवर्ष | वडा नं. १ | | १०० घर प्रभावित | | | ३० विद्याको खेतिवाली प्रत्येक वर्ष क्षति गर्ने | |
| COVID | २०७७ माघ देखि | वडा नं. १ | | ३०० घर प्रभावित | | जिविकोपार्जनमा समस्या, रोजगारीको अवसर गुमेका | | |
| बाढी | २०७२ श्रावण | सास्तरी | | १ घर बगेको | | | १० कट्ठा जग्गा बगेको | |
| आगलागी | २०७५ जेष्ठ | लेखगाउँ | १ जनाको मृत्यू | सुन, चाँदी तथा पैसा जलेको | | | | |
| बाढी पहिरो | २०७७ असार १२ | वडा नं. २ | | १ घर भत्केको | | १ घर परिवार विस्थापित | | |
| रोगकिरा (सलह) | २०७७ श्रावण | वडा नं. २ | | | मकै, धान लगायतका बालीनाली नस्ट | | | |
| असिना | २०४० साल र २०४३ साल | वडा नं. २ | | | बालीनाली नस्ट | | | |
| बाढी पहिरो | २०७१ भाद्र ५ | वडा नं.३ | | | घर वासको क्षति, पशुचौपायाको मृत्यू खानेपानी तथा सिँचाइ कुलोमा क्षति , वाटो हरु क्षति | | खोतियोग्य जमिन कटान | |
| भूकम्प | २०७२ वैशाख १२ | सामान्य तया सबै वडाहरुमा | | घरहरु चर्केको | | | खानेपानीको मुल सुकेको | |
| रोगकिरा (सलह किरा) | २०७७ श्रावण | सबै वडामा | | | मकै, धान लगायतका बालीनाली नस्ट | | जंगल तथा सार्वजनिक क्षेत्रका बोटबिरुवा नस्ट | |
| चट्याङ्ग | २०७७ फल्गुन २८ | गमखोला | | १ घरमा क्षति | | | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| महामारी | २०७७, २०७८ | नगरपालिका भरि | | | रोजगारी गुम्ने, स्वास्थ्यमा समस्या भई आर्थिक क्षति | सामाजिक सम्बन्धमा ह्रास | | |
| भूकम्प | २०४५ , २०७२ | वडा नं. ४ | | | घर लगायतका भौतिक संरचना चर्केको , मनोवैज्ञानिक त्रास | | | |
| बाढी पहिरो | २०५३, २०७१ | वडा नं. ४ | | | | | ३० बिघा जति खेतीयोग्यभुमि, सार्वजनिक जग्गा र वन क्षेत्रको जग्गा कटान | |
| डुवान | २०६१, २०६४, २०७४ | वडा नं. ४ | | | | | | |
| आगलागी | प्रत्येक वर्ष | वडा नं. ४ | | २ घर प्रभावित | १५ हजार बरावरको क्षति | | वन बिनास | |
| आगलागी | २०७७ कात्तिक १०, फाल्गुण ४ | डुम्म्रे | | | | | वन जंगलको बिनास | |
| पहिरो | २०७७ | वडा नं. ४ | | १ गोठ तथा १ चौपायाको मृत्यू | ५० हजार बरावरको क्षति | २ घर बिस्थापित | १५ विघा जग्गा कटान | |
| रोगकिरा (सलह, फौजिकिरा) | २०७७ | वडा नं. ४ | | | अन्नबालीको बिनास | | बनस्पतिको बिनास | |
| हावाहुरी | २०७६ | | | २० ओटा घरमा क्षति तथा विद्यालयको छाना उडाएको | बाली नालि नष्ट | | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| हावाहुरी | २०७७ वैशाख १९ | वेततारा | | जन प्रावि विद्यालयमा क्षति | | | | |
| चट्याङ | २०७७ फाल्गुण ६ | वडा नं. ५ | | १ घरमा क्षति | १९४६०० बरावरको क्षति | | | |
| जंगली जनावरको आतंक | २०७७ | वडा नं. ५ | | | खेतिपाती नस्ट | | | |
| बाढी पहिरो | २०७१ | वडा नं. ६ | | खेतिपाती तथा सिचाइ कुलो प्रभावित | | | | |
| सडक दुर्घटना | २०६२, २०६३ | वडा नं. ६ | १ जना | | | | | |
| आगलागी | २०७७ चैत्र १०, २०७८ बैशाख ३ | राना गाउँ | | २ घर जलेर नस्ट | १८३९०० | | वन जंगलको बिनास | |
| वन्यजन्तु आतंक | हरेक वर्ष | वडा नं. ६ | | | खेतिपाति विनास | | | |
| आगलागी | हरेक वर्ष | वडा नं. ६ | | २० घर तथा गोठ जलेर नस्ट | | | वनजंगल विनास | |
| हावाहुरी | २०७१ | वडा नं. ६ | | ५ ओटा विद्यालय तथा घरको छाना भत्काएको | १५ लाख बराबरको क्षति | | | |
| आगलागी | २०७१ | वडा नं. ७ | | ५ घर जलेर नस्ट, १० घर परिवार प्रभावित | १७ लाख बराबरको क्षति | | वन जंगलको बिनास | |
| आगलागी | २०७७ भाद्र २१, चैत्र २१ | खारपानी | | १ घर १ गोठ जलेर नष्ट | ११९००० | | वन जंगलको बिनास | |
| बाढी पहिरो | २०६१ | वडा नं. ७ | | १० घर परिवार प्रभावित | | बाढी पछि झाडापाखालाको माहामारी भएको | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बाढी पहिरो | २०७१ | वडा नं. ७ | | ३० घर बगाएको | १ करोड बराबरको क्षति | ३० परिवार विस्तापित | | |
| बाढी पहिरो | २०७७ श्रावण २६ | वडा नं. ७ | | १ घट्ट पुरिएको | २ लाख बराबरको क्षति | | | |
| किटजन्य (सलह, फौजिकिरा) | २०७७ | वडा नं. ७ | | | मकै खेति तथा अन्न वालीमा क्षति | | | |
| बाढी | २०२९ | सुब्बाकुना | १ जना | १ गोठ १० ओटा गाई वस्तुहरु | ३००००० | | ३० बिघा खेत बगाएको | |
| बाढी | २०५२ | चिंगाड खोला, चिसापानी | १ जना | | | | बन क्षेत्र कटान | |
| बाढी | २०७१ साउन | चिसापानी | १८ जना | १ झोलुंगे पुल<br>१ कुखुरा फर्म बगाएको<br>६ भैसी, गोरु १०<br>६५ बाखा | २०,००,०००<br><br>२०००००<br>रु ३०००००,<br>२०,०००००, | | ५० बिघा बन जंगल क्षेत्र बगाएको | |
| दादुरा | २०४३ | वडा भरि | ३ जना | | | | | |
| खडेरी | २०२९ | वडा भरि | | | | सुनचादि सबै बेचेरपनि भोकमरि टार्न सकिएन । त्यतिबेला सिस्नु, जरा, रुखका बोक्रा खाएर बाचेको | | |
| हावाहुरी | २०४२ | लामिडाँडा स्कुल | | | ३००००० | | | |
| हावाहुरी | २०६८ | कुइनेपानी | | स्कुलको छाना उडाएको | ५००००० | | | |
| झाडा पाखाला | २०५३ | वडाका सबै स्थानमा | १ जना | | | | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०६८ | कोलखोला | १ जना | | | | पानीको मुहान पुरिएको | |
| पहिरो | २०७७ भाद्र ४ | जमुने पानी | | १ घर जोखिममा रहेको | २००००० | | | |
| भूकम्प | २०७२ वैशाख १२ | वडा नं.८ | | घरहरु सामान्य क्षति | | | | |
| कोभिड | २०७७ /७८ | वडा नं. ८ | | | १८,००,००० | १५० जनाको रोजगारी गुमेको, १ खाजा पसल बन्द गर्न परेको | | |
| आगलागी | २०७७ कार्तिक २०, मंसिर १,माघ २४ | सुव्वाकुना बेलघारी सामुदायक | | | १५,००००० | | वन जंगलको बिनास | |
| सडक दुर्घटना | २०७७ | गन्नेपानी | १ जना | | | | | |
| बन्यजन्तु आक्रमण | बर्षे पिच्छे | लामिडाँडा | | ११ बाखा,१ गाई बाघ ले खाएको | १,३०,००० | | | |
| बाढी पहिरो | २०७१ श्रावण ३१ गते | गंगटेबजार | | २ ओटा भैसी, १ गोरु बगाएको | ५० लाख बरावरको क्षति | | १० बिघा जमिन कटान | |
| बाढी | २०४८ साल श्रावण १० गते | गंगटेबजार | | ४ ओटा भैसी बगाएको | ३० लाख बरावरको क्षति | | ५ बिघा जमिन कटान | |
| भूकम्प | २०७२ | वडा नं. ९ | | २५० घरहरु चर्किएको | | | | |
| बाढी पहिरो | २०७७ श्रावण १८, भाद्र १२ | वडा नं. ९ | | १ घर जोखिममा रहेको | | | | |
| आगलागी | २०७७ चैत्र २० गते | वडा नं. ९ | | १ गोठ क्षति | २३९००० बराबरको क्षति | | | |

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | भौतिक क्षति | आर्थिक क्षति | सामाजिक क्षति | प्राकृतिक क्षति | सूचना स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| किटजन्य (सलह, फौजिकिरा, | २०७७ | वडा नं. ९ | | १६ विघा जमिनको मकै खेति तथा अन्न वालीमा क्षति | | | | |
| असिना | २०७५ | वडा नं. ९ | | | १२ विघाको गहु नष्ट | | | |
| आगलागी | २०७३ साल बैशाख | गोगनपानी सिम्बास | | २ घर जलेर नस्ट | ७ लाख बराबरको क्षति | | वन जंगल नस्ट | |
| अनिकाल (खडेरी) | २०२८ देखी | लेकवेशी नगरपालिका | | छैन | रु ३००००० बराबरको अन्नबाली | | | |
| सडक दुर्घटना | २०७७ चैत्र | लेकवेशी १० सेडा बोडिङस्कुल नजिक | १ जना | | | | | |
| रुखबाट खसेर मृत्यु | २०७८ भाद्र २०६१ बैशाख | लेकवेशी भट्टेघारी | १ जना | | | | | |
| पहिरो | २०७१ भाद्र २०७८ भाद्र | लेकवेशी १० चन्द्रपूर | | २ वटा गोठ पूर्ण रुपमा क्षति भएको १ वटा घर आंशिक रुपमा भत्केको | २ वटा भैसीको मृत्यु १ वटा गोरुको मृत्यु | | | |
| भूकम्प | २०७२ बैशाख | लेकवेशी १० | | विद्यालय तथा घरहरु चर्केको | | | | |
| कारोना महामारी | २०७७/ ७८ चैत्र | लेकवेशी १० | ३ जनाको मृत्यू | | १५० जनाको रोजगारी गुम्नु १ वटा खुद्रा पसल बन्द हुनु | | | |
| पहिरो | २०७७ असार | गोलखाडल | ५ घर भत्केको | ५ घर भत्केको | | ५ घरपरिवार को ३२ जना विस्थापित | | |
| वन्यजन्तु आक्रमण | बर्षेनी | वडा नं. १० भरि | | | | | | |

ऐतिहासिक सयम रेखाको सूचना अनुसार २०७१ सालको बाढीका कारण नगरपालिकाका भेरी, गमखोला, झुप्राखोला, चिङ्गाड खोला आसपासका वस्तीहरुमा अत्याधिक क्षति भएको देखिन्छ । त्यसैगरी विगतको ईतिहासमा पहिरो, आगलागी, तथा चट्याङ तथा सडक दुर्घटना तथा कोभिड १९, सलह किराका कारण पनि मानवीय मृत्यु तथा भौतिक संरचनामा क्षति हुने गरेको र भूकम्पको प्रभावले गर्दा घरहरु समान्य रुपमा चर्कीय पनि समुदायले घर लाइ असुरक्षित घरको आभास गरेको पाइन्छ । यसरी यस लेकवेशी नगरपालिकाको एतिहासिक समय रेखालाई हेर्ने हो भने बारम्बार दोहोरिरहने प्रकोपका घटनाको रुपमा बाढी, पहिरो, चट्याङ, आगलागी रहेको छ ।

## २.३ प्रकोप पात्रो :

नेपाल जलवायु परिवर्तनको दृष्ट्रिकाणले चौथो स्थानमा पर्दछ । मौसम परिवर्तन भईरहने कारणले नेपालमा अतिबृष्ट्रि, अनाबृष्टि, बाढी, पहिरो, खडेरी, आगलागी जस्ता बिपदहरुले बेला बेलामा ठुलो धनजनको क्षति गर्ने गर्दछ । बाह्रै महिना यस्ता प्रकोपहरुको जोखिम रहिरहने हुँदा कुन समयमा कुन प्रकोपको प्रभाव बढी रहन्छ भन्ने कुरालाई मध्य नजर गर्दै निम्न ढाँचामा प्रकोप पात्रो तयार गरिएको छ।

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | पहिले (३० वर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जनावर आतंक | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीवतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

माथि दिईएको प्रकोप पात्रोमा ३० वर्ष अघि प्रकोप आउने समय र अहिले प्रकोप आउने समयको बारेमा उल्लेख गरिएको छ । यस प्रकोप पात्रो अनुसार भूकम्प, जनावर आतंक, तथा सडक दुर्घटनाको जोखिम ३० वर्ष अघि र अहिले पनि बाह्रै महिना जोखिम हुने गरेको देखिन्छ । यसैगरी बाढीको जोखिम ३० वर्ष अघि साउन र भदौमा हुने गर्दथ्यो भने अहिले साउन, भदौ, असोजमा जोखिम हुने गर्दछ । यसैगरी ३०

वर्ष पहिले असार, साउन, भदौमा पहिरोको जोखिम हुने गर्दथ्यो भने अहिले पनि असार, साउन, भदौ र असोजमा जोखिम हुने देखिन्छ। त्यसैगरी चट्याङको जोखिम पहिले बैसाख, जेठ, असार र चैतमा हुने गर्दथ्यो भने अहिले बैशाख, जेठ, असार, साउन, भदौमा र चैतमा जोखिम हुने गर्दछ। त्यस्तै आगलागीको जोखिम ३० वर्ष पहिले पनि बैशाख, जेठ, फाल्गुण र चैतमा महिनामा हुने गर्दथ्यो भने अहिले विद्युतिय संरचना लगायत विविध कारणले गर्दा बाह्रै माहिना आगलागीको जोखिम हुने गरेको छ। साथै ३० वर्ष पहिले हुरीवतासको जोखिम बैशाख, जेठ र चैतमा हुने गर्दथ्यो भने अहिले पनि बैशाख, जेठ र चैतमा नै जोखिम हुने गर्दछ। यसका साथै खडेरीको जोखिम ३० वर्ष पहिले बैशाख, जेठ, फाल्गुन र चैतमा हुने गर्दथ्यो भने अहिले पनि बैशाख, जेठ, देखी चैत सम्मै हुने गर्दछ।

## २.४ मौसमी पात्रो :

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले (३० वर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिंउदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

माथिल्लो मौसमी पात्रो समुदायसंग गरिएको समूह छलफल देखि आएको अनुभवका आधारमा हेर्दा मनसुन वर्ष ३० वर्ष जेष्ठ महिना देखि भदौ सम्म हुने र हाल असार देखि भदौ सम्म हुने गरेको अनुभव रहेको देखिन्छ। त्यसै गरी हिउदे वर्ष कात्तिक देखि माघ सम्म हुनेमा अहिले पुष र माघ माहिनामा हुने तथा गर्मी पहिले वैशाख देखि असार महिना सम्म हुने र अहिले चैत्र महिना देखि भदौ महिना सम्म हुने र जाडोको अनुभव पहिला भदौ देखि माघको मध्य  सम्म अनुभव हुन्थ्यो भने हालका वर्षहरुमा मंसिर देखि माघ सम्म हुने गरेको पाइएको छ।

## २.५ बाली र वनस्पति पात्रो:

नेपाल जलवायु परिवर्तनको असर बाट प्रभावित हुने देश मध्ये चौथो नम्बरमा पर्दछ। नेपालमा विशेष गरी कृषि र खाद्य सुरक्षा जलवायु परिवर्तनले असर पारेको देखिन्छ। यस पात्रो अनुसार बाली लगाउने र बाली पाक्ने समयमा विगतको तुलनामा भिन्नता पाइन्छ।

| विवरण | (३० बर्ष) | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| विवरण | (३० बर्ष) | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कागति, आरु, को फूल र फल लाग्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

प्रकोप पात्रो मैसमी पात्रो तथा बाली पात्रो अनुसार विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था हेर्ने हो भने सामान्य रुपमा गर्मी बढ्दै गएको पानी पर्ने क्रम पनि कम हुदै गएको तथा मनसुन वर्षा र हिउँदे वर्षा पनि केहि पछाडी हुने गरेको, सुख्खा खडेरीको क्रम बढ्दै जान थालेको तथा बालि नाली लगाउने समय पनि केही पछाडी धकेलिदै गएको जस्ता जानकारी समुदाय स्तरबाट आउने गरेको छ ।

## २.६ प्रकोप, जोखिम तथा पारिवारिक संकटासन्नता :

नगरपालिकाको सङ्कटासन्नता र क्षमता पहिचान गर्न नगरपालिका भित्र रहेका प्राकृतिक तथा गैरप्राकृतिक साधन, स्रोत, जनसंख्यागत संकटासन्नता आदि उल्लेख गर्नको लागि निम्न ढाँचामा विवरणहरु समावेश गरिएको छ ।

**(क) नगरपालिकाको पारिवारिक सम्पन्नता स्तरीकरणः**

यस नगरपालिकामा बसोवास गर्ने जम्मा घरपरिवार मध्ये आफ्नै उत्पादनबाट ६ महिनासम्म मात्र खान पुग्ने घरपरिवार संख्या अधिक रहेको छ भने आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने र बचत गर्ने परिवारको संख्या सबैभन्दा कमि रहेको छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ

**सम्पननता स्तरीकरणका सुचकहरुः**

क. ३ महिनाभन्दा कम खान पुग्ने परिवार (१२ प्रतिशत)

ख. ४ - ६ महिना खान पुग्ने परिवार (१६ प्रतिसत)

ग. ७ - ९ महिना खान पुग्ने परिवार (४७ प्रतिसत)

घ. आफ्नो खेतवारीको उत्पादनवाट खान पुगेर वेच विखन गर्ने परिवार नोकरी तथा ब्यपार पेशा गर्ने परिवार (२५ प्रतिसत)

| लेकबेशी नगरपालिका | सम्पन्नता स्तरीकरण (घरधुरी सङ्ख्या) | | | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| | अतिविपन्न | विपन्न | मध्यम | सम्पन्न | |
| वडा नं. १ | १०५ | १४० | ४१३ | २२२ | ८८० |
| वडा नं. २ | ५१ | ६७ | १९७ | १०६ | ४२१ |
| वडा नं. ३ | ६१ | ८२ | २४१ | १२९ | ५१३ |
| वडा नं. ४ | ८४ | ११३ | ३३३ | १७८ | ७०८ |
| वडा नं. ५ | ७७ | १०४ | ३०४ | १६२ | ६४७ |
| वडा नं. ६ | ८७ | ११६ | ३४१ | १८२ | ७२६ |
| वडा नं. ७ | ६५ | ८७ | २५६ | १३७ | ५४५ |
| वडा नं. ८ | ६८ | ९३ | १८७ | ९९ | ४४७ |
| वडा नं. ९ | ९० | १२० | ३५५ | १९१ | ७५६ |
| वडा नं. १० | १०६ | १४८ | २९५ | १५४ | ७०३ |

स्रोत : जनगणना २०६८

**(ग) सामाजिक सुरक्षा विवरणमा समाबेश जनसंख्या:**

| वडा नं. | जेष्ठ नागरिक भत्ता (७० बर्ष माथि) | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक भत्ता (एकल महिला) | बिधवा भत्ता | पुर्ण अपांगता भत्ता | अति असक्त अपांगता भत्ता | दलित बालबालिका | लोपोन्मुख जाति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७८ | ९८ | ३३ | ५९ | ११ | १३ | १७९ | १० | ५८१ |
| २ | १०७ | २१ | १७ | ३१ | ३ | ० | १७ | ० | १९६ |
| ३ | १३६ | २६ | २६ | ३२ | ५ | ९ | ४६ | ० | २८० |
| ४ | १०१ | ३१ | १७ | ४० | २ | ५ | ६२ | ० | २५८ |
| ५ | १५३ | १२ | २५ | ३९ | १० | ७ | २१ | ० | २६७ |
| ६ | १४४ | २७ | ३९ | ५८ | ४ | ७ | ४६ | ५० | ३७५ |
| ७ | ८९ | २१ | ३२ | ३२ | ६ | ११ | ४७ | ३८ | २७६ |
| ८ | ९० | २२ | ३४ | २९ | ६ | ११ | ५५ | ० | २४७ |
| ९ | १५७ | ३८ | ३५ | ६१ | ७ | २३ | ५६ | ० | ३७७ |
| १० | १६७ | २९ | ३४ | ३६ | ४ | १५ | ३४ | ० | ३१९ |
| जम्मा: | | | | | | | | | ३१७६ |

## २.७ स्रोतको उपलब्धता तथा पहुँच :

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | | | | | | | |
| पुल | | | १ वटा | ५ वटा | झोलुंगे २, पक्की १ | ५ झोलुंगे १ पक्की | ६ वटा | ५ | पक्कि ३, झोलुंगे ४ | |

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सडक | २ वटा | ३ वटा | १० वटा | ८ वटा | २८ | १० | ७ वटा ठुला, साना सडक | १५ | ४ | |
| बाँध | २ वटा | | १ वटा | २ वटा | | | ६ वटा | ३० | ८ | |
| विद्यालय भवन | ५ वटा | ३ वटा | १० वटा | ५ वटा | सरकारी ५, निजि २ | ४ | १ | ४ | ५ | |
| सुरक्षित आवास तथा स्थान | | | | १ वटा | १० | ४ | | ८ | ५ | |
| सामुदायिक चर्पी | | ४ वटा | | २ वटा | २ | | | १ | ५ विद्यालय हरुमा | |
| सञ्चारका साधन | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | मोबाइल, रेडियो, टिभि | |
| यातायातका साधन | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | मोटर साइकल, अटो रिक्सा, बस आदी | |
| पूर्वसूचना प्रणाली | | | | | | | | | | |
| **मानव संशाधन** | | | | | | | | | | |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | | ५ जना | ५ जना | २१ जना | १ | ४ | | २० जना | ९ | |
| जिल्ला विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति | | २ जना | | | १ | | | ५ जना | | |
| तालिम प्राप्त पौडीबाज | | | | | | | | ३ जना | | |

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तालिम प्राप्त स्वयंसेवक | | २जना | | | | | | ५० जना | | |
| ग्रामीण महिला स्वास्थ्य स्वयं सेविका | | ५ | | | ११ | ९ | ८ जना | ८ | १३ | |
| तालिम प्राप्त कृषि प्राविधिक | | ३ | | | ५ | १ | | ३ | २ | |
| शिक्षक | | ३ | ३६ जना | ३३ जना | ३८ | २७ | २८ | ५६ | २२ | |
| कर्मचारी | | १ | २० जना | | १० | २५ | ४ जना | | १६ | |
| स्वयंसेवक | | ४ | ५ जना | ४ जना | | | | ३० | | |
| सिकर्मी | | ४ | | २ ५ जना | २५ | ४० | २५ जना | १० | ४१ | |
| डकर्मी | | ४ | ४ ८ जना | ८ १ जना | २५ | ५० | ६० जना | ४० | ४६ | |
| **सामाजिक स्रोत** | | | | | | | | | | |
| सामुदायिक भवन | | १ | ५ वटा | ६ वटा | १ | | १ ओटा ३५ घरधुरि लाई अस्थाई आवास मर्मत संम्भार आवश्यक | ३ | १ | |
| पाटी पौवा | | ३ | २ वटा | १ वटा | | | ३ | २ | १ | |
| खानेपानी वितरण धारा | | ५० | २ वटा | | २०० | | ३०० धारा वडा भरि | ५५० | ४२५ | |
| मठ मन्दिर | | २ | १९ वटा | १५ वटा | ६ | ५ | | ६ | ६ | |
| **सामाजिक संरचना** | | | | | | | | | | |
| महिला/आमा/अपाङ्गता भएका व्यक्तिहरुको समूह | | १ | १३ वटा | १३ वटा | ११ | ९ | ३ वटा | ५ | ७ महिला समूह र १३ आमा समूह | |

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आयआर्जनमा सक्रिय महिला समूह | | २ | | | | ५ | | २ | ३ | |
| निर्णय तहमा भएका महिला | | २ | | | १२ | २० | ३५० जना | २० | ११ | |
| **आर्थिक स्रोत** | | | | | | | | | | |
| व्यापार व्यवसाय | | | २७ वटा | २७ वटा | १५ | २० | १०० जना | ६० | ४० परिवार | |
| उद्योग कलकारखाना | | १ | १५ वटा | २ वटा | ५ | ४ | २ वटा | ८ | ६ ओटा साना उद्योग | |
| सेना, प्रहरी | | १०० | १ १ ० जना | ९ ० जना | २५० | ९० | ७ जना | ११० | ४ | |
| बचत समूह | | ६ | ११ वटा | १३ वटा | | ३ | | १२ | | |
| विपद् व्यवस्थापन कोष | | | | | | | | ५०,००० | | |
| बैंक तथा वित्तीय संस्था | | १ | | १ वटा | | | | | | |
| सहकारी | | | | | ४ | १ | | ७ | ४ | |
| **प्राकृतिक स्रोत** | | | | | | | | | | |
| खेतीयोग्य भूमि | | २० बिघा | ६६९ हेक्टर | ३००० रोपनी | ५०० हेक्टर | ४०० हेक्टर | अनुमानित ११० हेक्टर | २०० बिघा | | |
| निजी ताल तलैया | | | | | ४ | १ | | ४ | २ | |
| प्राकृतिक धारा वा मूल | | ५ | ९ वटा | १ वटा | ३० | ५ | | १३ | ६५ | |
| कुवा | | ५ | १० वटा | ५ वटा | १ | १ | | | | |
| नदीनाला | | | ८ वटा | ९ वटा | ३ | १ | | ८ | ३ | |
| ताल तथा पोखरी | | | | | | | | १० | | |
| सिँचाइको साधन र स्रोत | | | | २ वटा | १५ | १२ | | २२ | | |

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वनजङ्गल (हेक्टर वा रोपनी) | | ५०० हेक्टर | | | ८०० हेक्टर | ५०० हेक्टर | | २० हेक्टर | | |
| खेर गइरहेको जमिन | | | | १०० रोपनी | २०० हेक्टर | | | | | |

## २.८ बाली तथा वनस्पतिको विवरण

| खेती गरिने मुख्य बाली | लगाउने समय | बाली थन्क्याउने समय | उत्पादन (मे. टन) | प्रयोग गरिने मल | बिउको उपलब्धता |
|---|---|---|---|---|---|
| धान | असार, साउन | कार्तिक, मंसिर | | युरिया, पिना, कम्पोस्ट मल | कृषि कार्यालय, स्थानीय स्तरबाट |
| मकै | जेठ, असार | भाद्र | | यूरिया, कम्पोस्ट | कृषि कार्यालय, स्थानीय स्तरबाट |
| गहुँ | मंसिर, पुस | चैत्र, बैशाख | | यूरिया, कम्पोस्ट मल | कृषि कार्यालय, स्थानीय स्तरबाट |
| मुसुरो, चना, केराउ | कार्तिक, मंसिर | चैत्र, बैशाख | | कम्पोस्ट | स्थानीय स्तरवाट |
| मास (वर्षे) | असार | भाद्र | | कम्पोस्ट मल | स्थानीय स्तरबातट |

**नोट : १०,००० वर्ग मि. वा २० रोपनी वा ३० कठ्ठा = १ हेक्टर**

## २.११ प्रकोपको जोखिम तथा समस्याको विश्लेषणः

प्रकोप स्तरीकरणमा उल्लेख गरिएका प्रकोपहरु मध्ये मुख्य प्रकोपहरुले नगरपालिकाका कुन, कुन तत्व (मानवीय, भौतिक, आर्थिक आदि) हरुमा केकस्ता प्रभावहरु पर्छन, ती प्रभाव पर्नुका कारणहरु के के हुन र त्यस्ता प्रभावलाई न्यूनीकरण वा रोकथाम गर्नका लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ भनी छलफल गरी प्राप्त निष्कर्षलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

| क्र. सं. | प्रकोप | जोखिममा रहेको तत्व | जोखिममा रहेको तत्वमा पर्ने प्रभाव | जोखिममा हुनुको कारण | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|
| १ | भूकम्प | भौतिक संरचना, जग्गा जमिन, मानिसहरु तथा पशुपंक्षीहरु, आर्थिक क्षेत्र, स्वास्थ्य क्षेत्र, | लगभग ६० प्रतिशत घरमा क्षति हुन सक्ने, विद्यालयमा क्षति, सरकारी भवनमा क्षति , खानेपानी आयोजनामा क्षति, मठ मन्दिरमा क्षति | मापदण्ड अनुसार संरचना नहुनु, आर्थिक स्तर कमजोर, सचेतनाको कमि तथा लापरवाही | • भूकम्पीय जोखिम लेखाजोखा, जोखिम न्यूनीकरण तथा पूर्वतयारीको विषयमा व्यापक सचेतना अभियान ।<br>• विभिन्न स्तरमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य तालिम कार्यक्रम ।<br>• इन्जिनियर, आर्किटेक्ट तथा सबइन्जिनियर हरुको लागि भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रम ।<br>• निर्माण कर्मिहरुको लागि भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम कार्यक्रम ।<br>• बनिसकेका संरचनाहरुको भूकम्पीय प्रवलीकरण ।<br>• सम्पूर्ण नगरपालिका क्षेत्रमा राष्ट्रिय भवननिर्माण संहिताको पूर्ण कार्यान्वयन ।<br>• गैरसंरचनात्मक जोखिम लेखाजोखा तथा अल्पिकरण तालिम कार्यक्रम ।<br>• गैरसंरचनात्मक जोखिम अल्पिकरण अभियान ।<br>• समुदाय स्तरीय प्राथमिक उपचार तथा खोज उद्धार तालिम ।<br>• नगरपालिकाका प्रत्येक वडाहरुमा आवश्यक मात्रामा सरल खोज उद्धार उपकरणहरुको भण्डारण ।<br>• समुदाय, शिक्षण संस्थातथा अस्पतालहरुमा भूकम्पीय पूर्वतयारी तथा प्रतिकार्य योजनातर्जुमा<br>• समुदाय, शिक्षण संस्था तथा अस्पतालहरुमा आवधिक भूकम्पीय प्रतिकार्य अभ्यास । |

| क्र. सं. | प्रकोप | जोखिममा रहेको तत्व | जोखिममा रहेको तत्वमा पर्ने प्रभाव | जोखिममा हुनुको कारण | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|
| २ | माहामारी | डेंगो, मलेरिया, कोरोना, भाइरल ज्वरो र झाडापखाला | ९० प्रतिशत घरधुरीलाई असर गर्न सक्ने | मापदण्ड अनुसारको सरसफाइको कमि | • टेलिफोन, स्थानीय एफ.एम.र पत्रपत्रिकाको माध्यमबाट सम्भावित महामारीको सचेतना सम्बन्धी कार्यक्रम प्रशारण गर्ने ।<br>• फोहोर मैलाको उचित व्यवस्थापन ।<br>• शुद्ध खानेपानीको वितरण प्रणाली । ढल निकासको उचित प्रबन्ध ।<br>• होटेल रेष्टुरेन्ट तथा हाटबजार तथा सडकमा बेचिने पकाएर वा काँचै खाने वस्तुहरुको गुणस्तरको अनुगमन ।<br>• माछा मासुको स्वस्थ्यकर उत्पादन तथा विक्रि ्वितरण प्रणाली ।<br>• व्यक्ति व्यक्ति बीच कम्तिमा ३ फिटको दुरी कायम राख्ने, मास्क लगाउने, साबुन पानीले मिचिमिचि हातधुने, ज्वरो, रुघा तथा खोकीलागेमा नजिकको स्वास्थ्य चौकीमा स्वास्थ्यचेक जांच गर्ने |
| ३ | बाढी | भौतिक संरचना, जग्गा, मानिसहरु तथा पशुपंक्षीहरु, आर्थिक क्षेत्र, स्वास्थ्य क्षेत्र, | खोला तथा नदी किनारका घर डुबान पर्न सक्ने । विद्यालयमा क्षति, सरकारी भवनमा क्षति, खानेपानी आयोजनामा क्षति, मठ मन्दिरमा क्षति, खोला किनाराका घरमा क्षति | खोलामा नदी जन्य उत्खनन, खोला अतिक्रमण हुनु, तटवन्धन व्यवस्थित नहुनु, छाडा चरिचरन | • सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन,<br>• खोलानाला, जलाशय तथा जलाधार क्षेत्रमा वृक्षारोपण ।<br>• वनजंगलको संरक्षण तथा बृद्धि ।<br>• कटान क्षेत्रमा जैविक इन्जिनियरिंग प्रविधिको तटबन्ध ।<br>• समुदाय, वडा, नगरस्तरीय बाढी न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना ।<br>• विभिन्न स्तरमा बाढी नियन्त्रण, प्रतिकार्य तथा पूर्वतयारी तालिम कार्यक्रम ।<br>• पूर्वसूचना प्रणालीको स्थापना ।<br>• खोलाको मापदण्ड निर्धारण गरी प्रभावकारी कार्यान्वयन । छाडा चरिचरन रोक्न टोल विकास संस्था परिचालित हुने । |
| ४ | स ड क दुर्घटना | मानिसहरु, आर्थिक क्षेत्र, भौतिक संरचना, | मृत्यु, घाईते सवारी साधन तथा सडक संरचनामा क्षति | मादक पदार्थ सेवन तथा लापरवाही, जीर्ण सडक, सचेतनाको कमि | • ट्राफिक नियमको पालना गर्ने गराउने<br>• सडकको स्तरोन्नती गर्ने<br>• ट्राफिक सचेतना सम्बन्धी गतिविधि संचालन गर्ने |

| क्र.सं. | प्रकोप | जोखिममा रहेको तत्व | जोखिममा रहेको तत्वमा पर्ने प्रभाव | जोखिममा हुनुको कारण | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|
| ५ | हुरी बतास | मानिसहरु, आर्थिक क्षेत्र, भौतिक संरचना, प्राकृतिक स्रोत | जस्ता र भुसका छाना भएका घरमा असर हुन सक्ने, विद्यालयमा क्षति हुन सक्ने, मठ मन्दिरहरुमा क्षति हुन सक्ने, निजि टहरा तथा टनेल हरुमा क्षति हुन सक्ने । | कमजोर संरचना कमजोर भौतिक पूर्वाधार रुख विरुवा ढल्नु | • भौतिक संरचनाको प्रवलीकरण<br>• नियमित मर्मत संभार<br>• रुख विरुवा काँटछाँट हुरीबतास प्रतिरोधात्मक निर्माण प्रविधिको प्रयोग ।<br>• बनिसकेका घरहरुलाई हुरीबतास प्रतिरोधात्मक बनाउन विशेष मर्मत संभार प्रविधिको प्रयोग ।<br>• विद्युत प्रसारण, दूरसञ्चार टावरहरु लगायत होर्डिङ्ग बोर्डहरुको व्यवस्थापन ।<br>• हुरीबतासको समयमा आगलागीको सावधानी अपनाउन सार्वजनिक सचेतना अभियान । |
| ६ | आगलागी | मानिसहरु, आर्थिक क्षेत्र, भौतिक संरचना, प्राकृतिक स्रोत | विद्यालयमा क्षति, सरकारी भवनमा क्षति, नीजि घरटहरामा क्षति | चोरी सिकारी गर्ने कार्य, बटुवाको लापरबाही, विद्युतीय कारण, ग्याँस विस्फोट तथा चुहावट | • चेतनामुलक गतिविधि संचालन गर्ने<br>• अग्नि रेखा निर्माण गर्ने<br>• अग्नी नियन्त्रक बारुण यन्त्रलाई सुचना दिने । |

## २.१२ नगरपालिकाको क्षमता विश्लेषण :

नगरपालिका, आमा समूह, युवा क्लव, विद्यालय, स्वास्थ्य चौकी, सहकारी संस्था, महिला समूह, कृषि सहकारी, प्रहरी चौकी लगायतका संस्थाहरुलाई क्षमता मान्न सकिन्छ । यसका साथै यस लेकवेशी नगरपालिका भित्रका खुल्ला क्षेत्रहरू, पानीको स्रोतहरु तथा मुहानलाई पनि क्षमता मान्न सकिन्छ । यस नगरपालिकामा भएका विभिन्न क्षेत्रहरूमा पहुँचवाला समुदायका व्यक्तिहरू यस नगरपालिकाका क्षमता हुन् । यस नगरपालिकामा रहेका सिकर्मी तथा डकर्मीहरूले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् । उनीहरूमा भूकम्प प्रतिरोधी सँरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नु पर्ने देखिन्छ । यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता, तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, सिकर्मी, डकर्मीहरुको सीप विपद्का बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ ।

यस लेकवेशी नगरपालिकामा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसले गर्दा समुदायलाई विपद्सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ । यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी तिनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ । यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्कालिन कोषको स्थापना गरी त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्न देखिन्छ । यस नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू जसले यस क्षेत्रमा विपद्

जोखिम न्यूनीकरण र समुदायको क्षमता बढाउने कामहरू गरिरहेका छन् । यस नगरपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समूहहरू, आमा समूह, महिला समूह, विभिन्न बचत समूह तथा कृषि समूहहरू, नगरपालिका भित्रका युवा तथा बाल क्लवहरूलाई यस नगरपालिकाको क्षमता मान्न सकिन्छ। यसैगरी यस नगरपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन् जसको ज्ञान तथा सीप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ ।

## २.१३ संस्थागत विश्लेषण सम्बन्ध चित्र

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुनर्स्थापना र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिन्छ। यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायु उत्थानशीलताका सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गर्न सहयोग गर्दछ। सम्बन्ध चित्र तयार गर्दा सरोकारवाला निकायहरुको सम्भावित प्रभावलाई आधार मानी वृत्तलाई ठूलो सानो देखाउन सकिन्छ । आपसी सम्बन्धलाई मोटो रेखा, पातलो रेखा, एकोहोरो दोहोरो रेखाले पनि देखाउन सकिन्छ। मोटो रेखाले बलियो र पातलो रेखाले फितला सम्बन्ध जनाउन सकिन्छ।

| क्र.सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | | **क नगरपालिका भित्र** | | | |
| १ | नगरपालिका | लेकवेशी नगरपालिका | ० किमि | आर्थिक मानविय भौतिक सुचना (सबै किसिमका सहयोग) | आर्थिक मानवीय सहयोग, उद्धार तथा व्यवस्थापन | आर्थिक, गैरखाद्य सामाग्री, र अन्य आवश्यक समन्वयन |
| २ | आमा समूह | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | विपद् सम्बन्धी सचेतना प्रवाह | मानवीय सहयोग, उद्धार तथा व्यवस्थापन | व्यवस्थापन |
| ३ | युवा क्लव | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | विपद् सम्बन्धी सचेतना प्रवाह | खोज तथा उद्दार | व्यवस्थापन |
| ४ | विद्यालय | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | विपद् सम्बन्धी सचेतना प्रवाह | खोज तथा उद्दार | मनोसामाजिक परामर्स |
| ५ | स्वास्थ्य चौकी | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | स्वास्थ्य उपचार | स्वास्थ्य उपचार | स्वास्थ्य उपचार |
| ६ | सहकारी संस्था | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | बचत तथा ऋण प्रदान | आर्थिक मानवीय सहयोग, | ऋण प्रदान |

| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | **विपद् पूर्व** | **विपद्को समयमा** | **विपद् पश्चात** |
| ७ | महिला समूह | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | विपद् सम्बन्धी सचेतना प्रवाह | आर्थिक मानवीय सहयोग, | |
| ८ | कृषि सहकारी | लेकवेशी नगरपालिका | सबै वडाहरुमा | कृषि सम्बन्धी ऋण प्रदान गर्ने | | |
| ९ | प्रहरी चौकी | लेकवेशी नगरपालिका | हिलेसोता | सुरक्षा प्रदान | खोज तथा उद्धार | सामाजिक शान्ति सुरक्षा |
| १० | ग्रामिण आपसी विकास नेपाल | | | विपद् सम्बन्धी सचेतना प्रवाह | आर्थिक मानवीय सहयोग, | पुनर्निमाणमा सहयोग |
| जिल्ला भित्र | | | | | | |
| ११ | जिल्ला प्रशासन कार्यालय | वी. न. पा. ७ | १७ किमि | प्रमुख जिल्ला अधिकारी | खोज उद्धार कार्यमा सहयोग, राहत संकलन तथा वितरण, पूनस्थापना र पूननिर्माणमा सहयोग, आर्थिक सहयोग, नीति निर्माण तथा समन्वयमा सहयोग | |
| १२ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | वी. न. पा. ७ | १७ किमि | कार्यालय प्रमुख | नदि नियन्त्रण र तटबन्धनका लागि आर्थिक, प्राविधिक र सामग्री सहयोग | |
| १३ | महिला तथा बालबालिका विकास कार्यालय | वी. न. पा. ७ | १७ किमि | कार्यालय प्रमुख | महिला, बालबालिका र जेष्ठ नागरिकलाई केन्द्रमा राखि खोज उद्धार कार्यमा सहयोग, राहत संकलन तथा वितरण, | |
| १४ | क्षेत्रिय अस्पताल | वी. न. पा. ४ | १७ किमि | मे. सु. डम्बर ब. खड्का | घाइते, अंगभंग भएका व्यक्तिको उपचार तथा माहामारी नियन्त्रणमा सहयोग | |
| १५ | जिल्ला पशु स्वास्थ्य कार्यालय | वी. न. पा. ५ | १७ किमि | कार्यालय प्रमुख | पशु स्वास्थ्य सम्बन्धि सेवा प्रदान तथा माहामारी नियन्त्रणमा सहयोग | |
| १६ | सुरक्षा निकायहरु | वी. न. पा. भित्र | १७ किमि | कार्यालय प्रमुख | खोज उद्धार कार्यमा सहयोग, राहत संकलन तथा वितरण, पूनस्थापना र पूननिर्माणमा सहयोग | |
| १७ | प्रदेश विपद् व्यवस्थापन समिति | वी. न. पा. ७ | १७ किमि | मुख्य मन्त्री | खोज उद्धार कार्यमा सहयोग, राहत संकलन तथा वितरण, पूनस्थापना र पूननिर्माणमा सहयोग, आर्थिक सहयोग, नीति निर्माण तथा समन्वयमा सहयोग | |
| १८ | जिल्ला समन्वय समिति | वी. न. पा. ८ | १७ किमि | संयोजक | स्थानीय निकायहरुसँग समन्वयका लागि सहयोग | |

## २.१४ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन :

यस अनुसूचीमा उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्न बमोजिमको खाकामा स्थानीय ज्ञान, सीप र विधिको सूचीकरण गर्नु पर्नेछ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ, जसबाट स्थानीय ज्ञान र सीपको पवर्द्धन गर्न सहयोग पुग्नेछ ।

| क्र. सं. | विपद्को प्रकार | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि |
|---|---|---|---|
| १ | भूकम्प | परम्परागत रुपमा मजुबत घर निर्माण गरिएका | २०७२ साल बैशाख १२ गते गोर्खाको बारपाक केन्द्रबिन्दु भएर आएको भूकम्पको झट्काले गर्दा केही घरहरु चर्किएकोले त्यतिबेला सबैजना घरबाहिर निस्किएको |
| | | | समुदायका व्यक्तिहरुलाई भूकम्प प्रतिरोधी नगरपालिकाले घर निर्माण सम्बन्धी डकर्मी तालिम प्रदान गरिरहेको । |
| २ | महामारी (कोरोना) | मास्कको प्रयोग गर्ने गरेको | मास्कको प्रयोग गर्ने गरेको |
| | | लकडाउनको बेला घर बाहिर ननिस्कने | लकडाउनको बेला घर बाहिर ननिस्कने |
| | | साबुन पानीले बेला बेलामा हात धुने | साबुन पानीले बेला बेलामा हात धुने<br>सरसफाइमा विशेष ध्यान दिने गरेको |
| ३ | असिना, बाढी | खोला किनारमा वृक्षारोपण, बाँस लगाउने, तटबन्ध निर्माण तथा आफ्नो पायक पर्ने ठाउँमा भल कटाउने गरेको | खोला किनारमा वृक्षारोपण, बाँस लगाउने, तटबन्ध निर्माण तथा आफ्नो पायक पर्ने ठाउँमा भल कटाउने गरेको र हालका दिनमा खोला चौडा पार्ने काम भएको छ । |
| ४ | सडक दुर्घटना | ट्रफिक नियमको पालना गरेको, होसियारी अपनाईएको | ट्राफिक नियमको पालना गर्ने र गर्न लगाउने । सडकको राम्रो व्यवस्था गर्ने ।<br>मादक पदार्थको सेवन गरेर यात्रा नगर्ने तथा गाडी नचलाउने । |
| ५ | हावाहुरी | कसुवा, कैचठे, तारले धेरै ठाउँमा बाध्ने | नयाँ निर्माण गरिने भौतिक संरचनाहरु पक्कि बनाउने चलनले गर्दा हावाहुरीको जोखिम कम हुन्छ । |
| ६. | रोगकिरा | अनावश्यक रुपमा किटनाशकको प्रयोग<br>घरेलु औषधिको प्रयोग | आवश्यक्ता अनुसार किटनाशकको प्रयोग |
| | | | प्राङगारिक खेतीमा विशेष जोड |
| | | | कृषि विज्ञसँग सरसल्लाह तथा परामर्श लिने |
| ७ | आगलागी | जनचेतना जगाउन सल्लाहहरु गर्ने गरेको कतै आगलागी भइहाले हल्लाखल्ला गरेर सबैलाइ सुचना दिनुपर्छ भनेर समुदायमा सल्लाह गर्ने गरेको | सबै मिलेर पानी ओसार्दै आगो नियन्त्रण गरेको विपदमा परेको परीवारलाइ खाद्यान्न, बास, लत्ताकपडा छरछिमेकले सहयोग गर्ने गरेको, |

## २.१५ मानवीय जनजीवनमा भविश्यमा पर्न सक्ने संभावित प्रभावहरु:

नगरपालिकाको समग्र संकटासन्नता तथा क्षमता विश्लेषणबाट भविश्यमा अनुमान लगाउन सकिने परिणामहरुलाई सरल रुपमा बिश्लेषण गर्ने र विपद्को जोखिम न्यूनीकरणको लागि क्षमता अभिबृद्धिका क्रियाकलापहरु पहिचान गर्न सहज बनाउने उद्देश्यले तलको तालिका मार्फत बिश्लेषण गरिएको छ ।

| ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएका प्रभाव | भविष्यको अनुमान | मानवीय जनजीवनमा भविश्यमा पर्नसक्ने प्रभाव |
|---|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | | |
| (क) रैथाने तथा परम्परागत खेती प्रणाली | • रैथाने बालीहरुको बिउ बिजन नै लोप भएको ।<br>• आधुनिकीकरण तथा व्यवसायीकरण भएको । | • हाइब्रिड बिउहरुको कारणले रैथाने बाली नास हुने ।<br>• उत्पादनमा बृद्धि हुने<br>• माटोको गुणस्तर बिग्रिने | • हाइब्रिड बिउहरुको कारणल खाद्य गुणस्तर कम हुने ।<br>• खाद्य सुरक्षा बढ्ने |
| (ख) स्थानीय जातका पशुपंक्षि पालन | • उन्नत जातका पशुपंक्षि पालन तथा उत्पादन | • उन्नत जातको उत्पादनले आर्थिक बृद्धि | • मासुजन्य पौष्टिक तत्वहरु प्राप्त भई स्वास्थ्य अवस्था सुधार हुने । |
| (ग) कम्पोष्ट तथा प्रांगारिक मलको प्रयोग | • रसायनिक तथा अप्रांगारिक मलको प्रयोग | • रसायनिक मलको प्रयोगले माटोको उर्बरा शक्ति कम हुने<br>• रोगको प्रकोप बढ्ने । | • अस्वस्थकर उत्पादन र उपभोगले स्वास्थ्यमा जटिलता ल्याउन सक्ने । |
| (घ) जैविक बिषादिको मात्र प्रयोग | • रसायनिक बिषादीको ब्यापक प्रयोग । | • नयाँ रोग तथा किराहरुको प्रकोप बढ्ने | • मानव स्वास्थ्यमा नराम्रो असर गर्ने । |
| **वन तथा जैविक विविधता** | | | |
| (क) वन जंगल प्रशस्त भएको । | • वन जंगलको मात्रा कम हुदै गएको । | • वन जंगल कम हुदै जाने । | • वन जंगल जन्य स्रोतको अभाव ।<br>• पानीको स्रोतको अभाव ।<br>• प्रदुषण बढ्ने ।<br>• मानव स्वास्थ्यमा नराम्रो असर । |
| (ख) जङ्गली फल तथा फूलहरु समयमा फल्ने गर्दथे ।<br>(ग) प्रशस्त मात्रामा जङ् गली जनावरहरु पाइन्थे । | • वनजङ्गलको घनत्व घटेको ।<br>• डढेलो लाग्ने क्रम बढेको ।<br>• पहिले पाइने चराचुरुङ् गीहरु कम देख्न थालेको ।<br>• जङ्गली फलफूल कम हुदै गएको । | • वनको क्षेत्रफल घट्ने ।<br>• जङ्गली चराचुरुङ्गीहरु स्थानान्तरण ।<br>• जङ्गली फलफूल समयमा नफुल्ने ।<br>• जङ्गलको कमिले पशुहरुको आहारमा समस्या आउन सक्ने | • जङ्गलको घनत्व घट्नाले आवश्यक गर्ने काठ, इन्धनको रुपमा प्रयोग हुँदै आएको दाउराको विकल्प खोज्नु पर्ने ।<br>• जलवायु परिवर्तनमा ठुलो असर पर्ने ।<br>• भुमीहीनहरुको अवस्था झन खराब बन्दै गएको साथै जिविकोपार्जनका लागी अझ विकल्पहरुको कमि हुदै गएको |

| ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएका प्रभाव | भविष्यको अनुमान | मानवीय जनजीवनमा भविश्यमा पर्नसक्ने प्रभाव |
|---|---|---|---|
| **मानव स्वास्थ्य** | | | |
| • महामारीको समस्या रहेको ।<br>• स्थानीय जडीबुटी तथा धामी झाँक्रीको मद्धतले उपचार गर्ने गरेको ।<br>• रोगको पहिचान नहुने गरेको ।<br>• बालबालिकाहरुको उमेर अनुसार तौल र उचाई नभएको । | • स्वास्थ्य सेवामा पहुच बढेको ।<br>• वाल मृत्युदरमा कमि ।<br>• मानिसमा नयाँ रोगहरु देखा पर्न थालेको ।<br>• कोरोना, जन्डीस, टाइफाइड पानीजन्य रोगहरुमा वृद्धि भएको ।<br>• बालबालिकाहरुको उमेर अनुसार तौल र उचाई कम भएको | • स्वास्थ्य सेवामा जनताको पहुच बढ्ने ।<br>• बाल मृत्यु दरमा अत्याधिक कमि आउने ।<br>• रोगहरुको समयमा उपचार हुने ।<br>• नयाँ रोगहरु देखा पर्न सक्ने । | • महंगो स्वास्थ्य उपचार<br>• नयाँ रोगहरु देखा पर्न सक्ने ।<br>• बालबालिकाहरुको उमेर अनुसार तौल र उचाई बृद्धि नहुदा उनीहरुको शारीरिक बृद्धि र विकासमा असर पुगेको । |
| **जलस्रोत तथा उर्जा** | | | |
| • पानीका मूलहरु प्रशस्त थिए<br>• उर्जाको रुपमा दाउरा र मट्टीतेल प्रयोग गरिन्थ्यो ।<br>• विधुतको पहुँच थिएन । | • पानीका मूलहरु सुक्दै गएको ।<br>• सोलार र जलविद्युतको प्रयोग बढेको ।<br>• खाना पकाउन इन्धनको रुपमा दाउरा नै अत्याधि मात्रामा प्रयोग गरिँदै । | • पानीका मूलहरु सुक्न सक्ने।<br>• खाना पकाउन दाउरको कमि हुन सक्ने।<br>• विद्युत, सोलार र अन्य वैकल्पिक उर्जाको प्रयोग बढ्ने।<br>• स्वच्छ खानेपानीको अभाव हुनसक्ने। | • स्वच्छ खानेपानीको अभावले बिरामी पर्न सक्ने ।<br>• वैकल्पिक उर्जा र एल पि जि ग्यासको प्रयोगले खाना पकाउन सजिलो हुने । आर्थिक भार थपिने ।<br>• विद्युतीय प्रयोग बढ्ने संगै जोखिम पनि बढ्ने । |
| **ग्रामिण बसोबास तथा पूर्वाधार** | | | |
| • पातलो वस्ती रहेको ।<br>• खेतीयोग्य जमिन धेरै भएको ।<br>• पुलहरु नभएको ।<br>• दक्ष मिस्त्री नभएको ।<br>• व्यवस्थित खानेपानीको सुविधा नभएको | • दक्ष मिस्त्रीहरु कमै मात्रामा भए पनि पाउन थालिएको ।<br>• खानेपनीको व्यवस्थापन हुन थालेको ।<br>• पुल निर्माण भएको ।<br>• गोरेटो बाटो मर्मत र निर्माण हुन थालेको । | • सडकको विस्तार हुन सक्ने ।<br>• पुल र गोरेटो धेरै मात्रामा निर्माण हुने ।<br>• सामुदायिक भवनहरुको निर्माण बढ्ने ।<br>• भूकम्प प्रतिरोधी घरहरु निर्माण हुने ।<br>• स्वच्छ खानेपानीको व्यवस्थापन हुने ।<br>• घरका झयाल, ढोका ठूला निर्माण हुने । | • पुल, सडक र गोरेटो निर्माणले महिला तथा बालबालिकालाइ हिँडडुल गर्न सजिलो हुने ।<br>• दक्ष डकर्मीद्धारा निर्मित मजबुत घरहरुमा मानिसहरु बढी सुरक्षित हुने ।<br>• बढ्दो बस्तीले हुने वातावरण प्रदुषणबाट जन समुदायहरु बढी प्रभावित हुनसक्ने ।<br>• बढ्दो शहरीकरणले प्रदुषण बढ्ने र जलवायु परिवर्तन । |

| ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएका प्रभाव | भविष्यको अनुमान | मानवीय जनजीवनमा भविश्यमा पर्नसक्ने प्रभाव |
|---|---|---|---|
| **जल उत्पन्न प्रकोप :** | | | |
| • प्रशस्त जंगल भएका कारण बाढी पहिरोको जोखिम कम हुने गरेको | • जनसंख्या बृद्धिले वन विनास भएको ।<br>• सार्वजनिक जमिन अतिक्रमण हुने गरेको ।<br>• बाढीले जतातते क्षति पुर्‍याएको<br>• खोलाको भागहरु अतिक्रमण गरेर सुकुम्बासीको नाममा घर टहरा निर्माण भएको । | • बाढीको जोखिम बढ्न सक्ने ।<br>• जलवायु परिवर्तनको कारण अतिवृष्टी, अनावृष्टी हुने ।<br>• खानेपानीको अभाव ।<br>• सुरक्षित स्थानको अभाव । | • अत्यधिक खर्च बढ्ने ।<br>• धन जनको क्षति<br>• स्वच्छ खानेपानीको अभाव ।<br>• खाद्द संकट<br>• सामाजिक बिखण्डन ।<br>• समुदायमा रिस,राग, कलह तथा द्वेषको भावनामा बृद्धि । |

## २.१५ वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

(क) विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर वडाहरुको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गर्नु गरिएको छ ।:

**लेकबेशी नगरपालिकाः**

| वडा नं. | मानवीय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रकममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | १ | २ | १ | ३ | २ | २ | ३ | २ | ३ | २ | २ | २ | २८ |
| २ | ६ | ३ | २ | ३ | २ | ३ | ३ | २ | ३ | २ | ३ | २ | २ | २ | ३८ |
| ३ | २ | १ | १ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३ | २ | २ | २ | ३० |
| ४ | १ | १ | १ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | २९ |
| ५ | ४ | १ | १ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | ३२ |
| ६ | २ | १ | १ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३ | २ | २ | २ | ३० |
| ७ | ४ | ३ | २ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | ३६ |
| ८ | ६ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | ४१ |
| ९ | २ | १ | १ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | ३० |
| १० | ४ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | ३९ |

**(ख) वडाको स्तरीकरणः**

| वडाहरु | प्राप्तांक | उच्च संकटासन्न | मध्यम संकटासन्न | न्यून संकटासन्न |
|---|---|---|---|---|
| १ | २८ | | ✓ | |
| २ | ३८ | ✓ | | |
| ३ | ३० | | ✓ | |
| ४ | २९ | | ✓ | |
| ५ | ३२ | | ✓ | |
| ६ | ३० | | ✓ | |
| ७ | ३६ | | ✓ | |
| ८ | ४१ | ✓ | | |
| ९ | ३० | | ✓ | |
| १० | ३९ | ✓ | | |

**स्पस्टीकरणः**

| क्र.सं | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ३८ भन्दा माथी अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | २४ देखि ३८ अङ्कभार सम्म | मध्यम सङ्कटासन्न |
| ३ | २३ भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

**२.१६ लेकवेशी नगरपालिकाका सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु :**

| प्रकोपको प्राथमिकता क्र.सं. | प्रकोप स्तरिकरणमा देखिएका मुख्य प्रकोपहरु | वडा नं. | सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु |
|---|---|---|---|
| १ | भूकम्प | सबै वडाहरु | लेकवेशी नगरपालिकाका सबै वडाहरुको ६० प्रतित घरधुरी। |
| २ | बाढी, पहिरो | सबै वडाहरुको | गरजुरे, बुङ्गेचौर, लेखगाँउ, ब्राहा, फर्सा, रेउकि, सातथरि, गौडा खोला, चुनियापानी<br>कागते टोल, खारपानी, पटोरगाँउ<br>भित्रिखोला, नयाँगाउ, कागते, घट्टेखोला<br>खल्टाकुरा, मझुवा, वेतनी<br>गमखोला, सिरुखाल्टा<br>खाल्टाबारी, खारपानी, गोलखाल्टा, वन्दुके, सिस्नेरी, न्यावलखोला, क्याम्पा, पिपले, कुईरे, थोत्री, भित्रिकुईरे<br>ज्यामिरे, गंगटे, रुप्से, सिम्दमार |
| ३ | आगलागि | सबै वडाहरुको | पिटेडारा, साजे, भैसेदामार, बराह, गोलखाल्टा, खारपानी, पाखापानी, लमना, पुल्ता, कुइरे, टुडे, क्याम्पा, खैरेनी,न्यवलखोला, गोगनपानी, सिमदामार |

| प्रकोपको प्राथमिकता क्र.सं. | प्रकोप स्तरिकरणमा देखिएका मुख्य प्रकोपहरु | वडा नं. | सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु |
|---|---|---|---|
| ४ | माहामारी | सबै वडाहरुमा | लेकवेशी नगरपालिकाका सबै वडाहरुको ९० प्रतिशत घरधुरी । |
| ५ | वन्यजन्तु आतंक | सबै वडाहरुको | थविर, राताटार, पटोर, खारपानी, काप्रे<br>गम्खोला, सिम्ले, कागते, झेक्रेनी, सिरुखाल्टा<br>वनलाप, वेजाडा, गिठे, कल्लेरी, आपगैरा, भुरुङ्गडाँडा, खाल्टाकुरा, मझुवा<br>फलाटे,सिरुखाल्टा, भर्लेनी, पुरानो रानागाँउ, बाघखोर<br>प्यूठानेडाँडा, पुरानो घाट |
| ६ | रोगकिरा | सवै वडाहरु | लेकवेशी नगरपालिकाका सबै वडाहरुमा क्षति पुर्‍याईरहेको । |
| ७ | हावाहुरी | सवै वडाहरु | लेकवेशी नगरपालिकाका सबै वडाहरुको ३० प्रतिशत घरधुरीहरुमा । |

# खण्ड - ३

# दीर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

### ३.१ दीर्घकालिन सोंच

विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ ।

### ३.२ परिदृश्य

विपद् जोखिम न्यूनीकरणका तथा जलावयुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने र विपद्बाट हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस निर्देशिकाको परिदृश्य हुनेछ ।

### ३.३ लक्ष्य

स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पुऱ्याउनु ।

### ३.४ उद्देश्य

क) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु ।

(ख) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु,

(ग) स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

### ३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।

### ३.५ रणनीति

स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।

उक्त निर्देशिकाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत,

साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।

समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।

स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने।

बाढी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढीको पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने ।

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।

स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

**निष्कर्ष:**

लेकवेशी नगरपालिकामा जोखिम पहिचान तथा विश्लेषणबाट सङ्कटासन्नता र क्षमता बीचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । यसकारण यस लेकवेशी नगरपालिकामा भूकम्प, जनावर आतंक, बाढी, पहिरो, चट्याङ, आगलागी, हुरीवतास, सडकदुर्घटना तथा खडेरीको जोखिमपूर्ण स्थानहरुको बारेमा पहिचान गरी, यसले पुऱ्याउने असर, क्षति तथा यसका समाधानको उपायका बारेमा समुदायमा जानकरी दिई यसको जोखिम न्युनिकरण गर्न सकिन्छ। यसका साथै आपत्कालिन अवस्थाका लागि लेकवेशी नगरपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ।

लेकवेशी नगरपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, नीजि संघ सस्थाहरू तथा विभिन्न महिला समूह, युवा क्लव बाल क्लवहरू, विद्यालयहरू आदि रहेका छन् तर ति संस्था तथा समूहहरूसँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा पर्याप्त ज्ञान हुनु जरूरी देखिन्छ । साथै यस नगरपालिकामा रहेका विभिन्न क्षेत्रसँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वयम् सेविका, सिकर्मी, डकर्मी तालिम प्राप्त निर्माण कर्मीहरू लगायत युवा शक्तिहरूमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरूरी छ ।

यस लेकवेशी नगरपालिकामा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ र यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ । यसैगरी यस नगरपालिकामा विभिन्न कार्यदलहरू : पूर्व सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरू गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिबृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुँदा यसै कुरालाई मध्य नजर गर्दै यस नगरपालिकामा बहुप्रकोपसँग जुध्नका लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी यस लेकवेशी नगरपालिकालाई विपद् उत्थानशिल नगरपालिकाको रुपमा स्थापित गर्नको लागि आवश्यक क्रियाकलापहरुलाई योजनामा समाबेश गरिएको छ ।

## खण्ड ४ :
## विपद् जोखिम व्यवस्थापन योजना

लेकवेशी नगरपालिकामा वि.सं. २०७७ सालमा गरिएको सङ्कटासन्नता तथा क्षमता लेखाजोखाले पहिचान गरेको मुख्य विपद्बाट हुन सक्ने जनधनको क्षति कम गरी जोखिम न्यूनीकरणमा समुदायलाई नै सक्षम बनाई विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहको छ । सम्भावित विपद्को जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न र विपद्पश्चात् पुनर्स्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्यजिम्मेवारी सहितका गतिविधीहरू समावेस गरिएको छ। लेकवेशी नगरपालिकाभित्र विपद् जोखिम र सङ्कटासन्नताको सूचना सँकलन र क्षमता विश्लेषणको आधारमा विपद् का रुपमा आएका भूकम्प, जनावर आतंक, बाढी, पहिरो, चट्याङ तथा आगलागी आदि जस्ता विपद्लाई स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समिति, सघंसस्था तथा सरकारी निकायले योजनाबद्ध रुपमा जोखिम न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण गर्दा बिभिन्न बिषयगत योजनाहरुलाई निम्नानुसार राखिएको छ ।

**४.१ विपद् पूर्वका क्रियाकलापहरू (जनचेतना, क्षमता अभिबृद्दि र पूर्वतयारी)** :

विपद् पूर्वका क्रियाकलाप अन्तर्गत नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति आफुले कार्यान्वयन गर्नु पर्ने जनचेतना, क्षमता अभिबृद्धी र पुर्वतयारीका क्रियाकलापहरुलाई छुट्टै शिर्षक अन्तरगत राखिएको छ भने नगरपालिकाले, वडा मातहतका अन्य सरोकारका पक्षहरुबाट गराउने योजनाहरुलाई छुट्टै राखिएको छ। नगरपालिकाको दीर्घकालीन महत्वका योजनालाई पनि फरक शिर्षक दिईएको छ र संरचनात्मक जोखिम न्यूनीकरणका योजनाहरुलाई पनि फरक शिर्षकमा नै राखिएको छ जुन निम्न अनुसार रहेका छन् ।

**४.१ (क)** नगरपालिकाको जोखिम न्यूनीकरणको लागि नितिगत व्यवस्थाहरु

**४.१ (ख)** संरचनात्मक जोखिम न्यूनीकरण

**४.१.(ग)** नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले कार्यान्वयन गर्ने संस्थागत जनचेतना, क्षमता अभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु

**४.१ (घ.)** प्रकापहरुको सन्दर्भमा छुट्टा छुट्टै जोखिम न्यूनीकरण पूर्वतयारी क्रियाकलापहरु

**४.१ (ङ)** नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति मातहत कार्यान्वयन गराउनु पर्ने वडा अर्न्तगतका विद्यालय, सामुदायिक वन, स्वास्थ्य चौकी, टोल बिकास समितिका सचेतना, क्षमता अभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु

## ४.१ (क) नगरपालिकाको जोखिम न्यूनीकरणको लागि नीतिनीतिगत व्यवस्थाहरु

| प्रा.क्र. | नीतिगत व्यवस्थापनका योजना | मुख्यजिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक (सहयोगी) | बाह्य (सहयोगी) | |
| १ | विपद् प्रतिकार्यको लागि संकटासन्न समुदायबाट प्रतिनिधित्व हुने गरि पुर्व सुचना, खोज तथा उद्धार, प्राथमिक उपचार र क्षतिको लेखाजोखा कार्यदल गठन गरी तालिमको प्रवन्घ गर्ने र त्यो संख्या आवश्यकता अनुसार बढाउदै लैजाने नीति तर्जुमा गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |
| २ | सम्वन्धित प्रकोपको संकटासन्न समुदाय तथा क्षेत्रमा विपद् पुर्व सुचना प्रणाली स्थापना गर्ने र सूचना संयन्त्रलाई चुस्त दुरुस्त राख्न कर्मचारी व्यवस्थापन गर्ने र त्यसको पहुँच सम्बन्धित सबै घर परिवार सम्म पुर्‍याउने नीति तर्जुमा गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |
| ३ | समुदायमा विपद् प्रभावितको नाममा क्षतिपुर्ति प्रदान गर्ने भन्दा बैकल्पिक आय आर्जनका क्रियाकलापको लागि सहुलियत सहित प्रोत्साहित गर्ने र उत्थानशील समुदाय निर्माणको नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |
| ४ | नगरपालिका भित्रका सामुदायिक वनहरुले अग्निरेखा निर्माण, अग्नि नियन्त्रण योजना, विपद् व्यवस्थापन कोष र नयाँ बृक्षारोपणको योजना तथा पृष्टपोषणका आधारमा सहुलियत, सिफारिस तथा अनुदानको व्यवस्था गर्ने नीति तर्जुमा गर्ने। | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |
| ५ | नगरपालिका अन्तरगतका हरेक विद्यालयहरुमा प्रत्येक बर्ष विपद् जोखिम न्यूनीकरण सम्बन्धि विद्यालय सुरक्षा योजना तयार गरी १ प्रति नगरपालिकामा पेश गर्ने नीति तर्जुमा गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |
| ६ | प्रत्येक समुदायमा सुरक्षित स्थानको पहिचान गरी वस्ती विस्तार योजना तयार गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | लेकवेशी नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति | |

**४.१ (ख.) संरचनात्मक जोखिम न्यूनीकरण : (वडाको संकटासन्नता प्राथमिकिकरणको आधारमा)**

समुदाय हुँदै वडा र समग्र नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त नतिजाको आधारमा नगरपालिकामा सञ्चालन गर्नुपर्ने विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप पहिचान गरी सूचीकृत गर्दा तिनको प्राथमिकता निर्धारण गर्नु पर्नेछ । क्रियाकलाप पहिचान गर्न सुरुमा वडा, नगरपालिकाका नवनिर्वाचित प्रतिनिधीहरु, सचेतना केन्द्र, सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसँख्यक, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागितामा नगरपालिकाका क्रियाकलापहरु पहिचान र प्राथमिकीकरण गर्ने र नगरपालिका स्तरमा प्राथमिकतामा आएका योजनाहरुलाई नगर विपद् व्यवस्थापन समितिका सदस्यहरुबीच छलफल चलाई नगरपालिका वा नगरपालिकास्तरको विपद् र जलवायु उत्थानशील क्रियाकलापहरुको प्राथमिकता निर्धारण गर्न सकिनेछ । त्यस्ता संरचनात्मक जोखिम न्यूनीकरणका क्रियकलापहरुलाई निम्नबमोजिमको ढाँचामा सूचीकृत गरिएको छ :

(संरचनात्मक जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई वडाहरुको उच्च संकटासन्नताको आधारमा क्रमवद्ध गरिएको छ ।)

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| **वडा नं. ८** | | | | | | |
| १ | बाढी, कटान, पहिरो | सुब्बाकुना चिसापानी | ❖ चिल्ले खोल्सा, खहरेखोला आसपासको ३०० मिटर क्षेत्रमा ग्याभिन जाली<br>❖ चिंगाड खोलाको चिसापानी देखी सुब्बाकुना सम्म बृक्षारोपण तथा ग्याभिन जाली<br>❖ रोडको कारण पहिरो गएको ठाउँमा बृक्षारोपण तथा ग्याभिन जाली | व.वि.व्य.समिति | १५ लाख<br>१५ लाख<br>५ लाख | |
| २ | पहिरो | केरेनी | ❖ लाखेपानी क्षेत्रमा ३० मिटर ग्याभिन जाली | व.वि.व्य.समिति | | |
| ३ | बाढी, पहिरो | मंगले, खुनुर्की | ❖ मंगलेमा बृक्षारोपण (समस्याः माथीको भिरबाट चट्टान झर्ने)<br>❖ खुनुर्केको चिंगाड खोलामा ग्याभिन जाली<br>❖ झलकुलो निर्माण<br>❖ खुनुर्के, धरानेको झोलुंगे पुलनेर ग्याभिन जाली | व.वि.व्य.समिति | १५ लाख | |
| ४ | पहिरो | लोसेधापे | ❖ लोसे बृक्षारोपण<br>❖ लोसेको जोवनपानी क्षेत्रमा ग्याभिन जाली | व.वि.व्य.समिति | | |
| ५ | बाढी, कटान | आरन्टुडा | ❖ तारजाली तटबन्ध, खोल्साहरुमा बायोईन्जिनियरिङ्ग | व.वि.व्य.समिति | १५ लाख | |
| ६ | | चिल्ले, कोलखोला | ❖ चिल्लेको शडक क्षेउमा बृक्षारोपण | व.वि.व्य.समिति | ३ लाख | |
| ७ | पहिरो | अर्मले, पिपलटार, तल्लो सालडाँडा, बेलघारी, टाडी | ❖ बृक्षारोपण, तारजाली<br>❖ झलकुलो निर्माण | व.वि.व्य.समिति | ५ लाख<br>३ लाख | |
| ८ | पहिरो | बयसपानी, तल्लो टोल | ❖ ग्याभिन जाली<br>❖ बृक्षारोपण | व.वि.व्य.समिति | २ लाख | |

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| ९ | पहिरो | कुइनेपानी, फुस्राडाँडा, बाघ गैरा, पिपलपानी समुदायिक वन | ❖ बृक्षारोपण<br>❖ ग्याभिनजाली | व.वि.व्य.समिति | १० लाख | |
| १० | पहिरो | लामिडाँडा, पाटन | ❖ ताजाली, बृक्षारोपण | व.वि.व्य.समिति | १० लाख | |
| ११ | पहिरो | मसेरी, तिनघरे, माथिल्लो सालडाँडा | ❖ बृक्षारोपण, तारजाली | व.वि.व्य.समिति | १० लाख | |
| **वडा नं. १०** | | | | | | |
| १ | बाढी, पहिरो | ❖ चन्द्रपुर टोलको झुप्रा खोलामा ग्याभिन तटबन्ध । | | व.वि.व्य.समिति | ३० लाख | |
| १ | बाढी, पहिरो | ❖ चन्द्रपुरको तितेखोल्सा देखि पुछार सम्म ग्याभिन जाली तथा बृक्षारोपण | | व.वि.व्य.समिति | ३० लाख | |
| १ | बाढी, पहिरो | ❖ तिते खोल्सा देखि ढकाल टोल सम्म ग्याभिन जाली | | व.वि.व्य.समिति | १५ लाख | |
| २ | पहिरो | ❖ धपेन, गोलखाडल तारजाली र बायो इन्जिनियरिङ्ग (बस्ती स्थानान्तरण) | | व.वि.व्य.समिति | | |
| ३ | पहिरो | ❖ धारापानी, खनियाबारी बृक्षारोपण | | व.वि.व्य.समिति | १२ लाख | |
| ४ | पहिरो | ❖ टिमुरकोट, मैनचुली पाखामा बृक्षारोपण | | व.वि.व्य.समिति | ३ लाख | |
| ५ | पहिरो | ❖ जोत्रेसाल बृक्षारोपण र ग्याभिन जाली | | व.वि.व्य.समिति | २ लाख | |
| ६ | पहिरो | ❖ वनकुना बसन्तपुर पावरहाउस तटबन्ध (आवश्यकता पहिचान गरेर) | | व.वि.व्य.समिति | ३० लाख | |
| ७ | पहिरो | ❖ खुल्लुगैरा कयनपानी पहिरो नियन्त्रण (बृक्षारोपण र तारजाली) | | व.वि.व्य.समिति | १० लाख | |
| ८ | पहिरो | ❖ राउटेटार, खारखोला र लामीदामारमा वन्यजन्तु नियन्त्रणको लागी तारजाली | | व.वि.व्य.समिति | ३० लाख | |
| ९ | पहिरो | ❖ मैनडाँडा, बसेरीमा बायो इन्जिनियरिङ्ग | | व.वि.व्य.समिति | १५ लाख | |
| १० | बाढी | ❖ वेलटार, मछेलटार, चिप्लेखोला ग्याभिन जाली तटबन्ध | | व.वि.व्य.समिति | १५ लाख | |

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| **वडा नं. २** | | | | | | |
| १ | बाढी | ❖ गौडा खोला देखी मेनरोड सम्म तटबन्धन | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ थाति क्षेत्रमा ग्याभिन जाली | | व.वि.व्य.समिति | ५ लाख | |
| | | ❖ लेखगाँउ दाँया बाँया तटबन्धन | | व.वि.व्य.समिति | ८ लाख | |
| | | ❖ खसखसे खोला तटबन्धन | | व.वि.व्य.समिति | ७ लाख | |
| | | ❖ वरामगाउँ ग्याभिन जाली र बृक्षारोपण | | व.वि.व्य.समिति | ५ लाख | |
| | | ❖ सिरेनी बृक्षारोपण | | व.वि.व्य.समिति | १ लाख | |
| | | ❖ घरछाप, पात्ले पहिरोको जोखिममा | | व.वि.व्य.समिति | ४ लाख | |
| **वडा नं ७** | | | | | | |
| १ | बाढी | ❖ गोल खाल्टा, वन्दके र सिस्नेरी टोलमा ७०० मिटर ग्याभिन जाली | | व.वि.व्य.समिति | ५० लाख | |
| | | ❖ न्यावल खोला देखी टुणे, कुइरे सम्म ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| २ | पहिरो | ❖ खारपानी टोलमा २०० मिटर तारजालि | | व.वि.व्य.समिति | १० लाख | |
| ३ | पहिरो | ❖ पोखरी, आँपडाँडा, धारापानी लगायतका क्षेत्रहरुमा जोखिम भएकाले पहिरो नियन्त्रणका लागि ग्याविन वाल लगाउने | | व.वि.व्य.समिति | १५ लाख | |
| ४ | बाढी | ❖ पिपलटार, आदमटारमा बाढीको जोखिम व्यवस्थापनको काम गर्ने | | | | |
| **वडा नं. ५** | | | | | | |
| १ | बाढी, पहिरो | ❖ कुम्पुर, जाले, चेपे, आपटार, स्याँखुटार, टकटके, रैकर , बुङडाँडा लगायतका क्षेत्रहरुमा जोखिम भएकाले पहिरो नियन्त्रणका लागि ग्याविन वाल लगाउन | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| **वडा नं. ३** | | | | | | |
| १ | बाढी | ❖ थाकरे खोला देखी, मसानघाट हुदै कागते खोला सम्म ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| २ | पहिरो | ❖ मझुवाटार खाड्दी खोला, चन्धने खोला रनेटार, डवाडी गाइने धारा, कामाराङ पानीखोलाको कोलडाँडा, धावे खोला लगाएतका ठाउँमा ग्याविन तथा वाल लगाउन | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| ३ | बाढी | ❖ बेनी दोभानको ठुलो पहिरोमा त्रिशुली नदि किनारबाट ग्याविन तथा वाललगाई हिमपाइपको व्यवस्था मिलाउने | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| ४ | पहिरो | ❖ रुसुपानी, अएटारी, जन्तीढुङ्गा, ढोडेनी पाहार कुना लगाएतका ठाउँहरुमा पहिरोको जोखिम भएकाले पहिरो नियन्त्रणका लागि  ग्याविन वाल लगाउने | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| **वडा नं. ६** | | | | | | |
| १ | बाढी | ❖ गमखोला किनारमा ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| २ | पहिरो | ❖ प्यूठानेडाँडा, पुरानो घाट, राडीको घरमाथि, पुरानो राना गाँउ,कल्पनाचोक , धनारी, हिलेसोता, सिरुखाल्टाग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| ३ | पहिरो | ❖ हुल्ली पिपले, चौखर्क लगायतका क्षेत्रहरुमा जोखिम भएकाले पहिरो नियन्त्रणका लागि ग्याविन वाल लगाउन | | | | |

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| **वडा नं. ९** | | | | | | |
| १ | बाढी, पहिरो | ❖ गंगटे बजार क्षेत्र ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ ज्यामिरे ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ रुपसे, सिम्दमार तटबन्धन | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ फुलवारी, दामारगाँउ ग्याभिन जाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ गोगनपानी, सिम्दामार बस्ती स्थानान्तरण | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| | | ❖ अजिंगरे बृक्षरोपण | | व.वि.व्य.समिति | १ लाख | |
| २ | वन्यजन्तु आतंक | ❖ तिल्रेपानी, गोगनपानी, रुप्से, सिम्दामार वन्य जन्तु नियन्त्रण जाली | | व.वि.व्य.समिति | | |
| **वडा नं. ४** | | | | | | |
| १ | पहिरो | ❖ घोगेको ९ घर स्थानान्तरण | | व.वि.व्य.समिति | ४५ लाख | |
| २ | बाढी | ❖ गम्खोला, कागतेखोला तारजाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |

| क्र.सं. | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| ३ | पहिरो | ❖ सिमले, पितेडाँडा, मसेरी तारजाली | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| ४ | वन्यजन्तु आतंक | ❖ वन्यजन्तु नियन्त्रण क्रियाकलाप | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| ५ | बाढी | आधामारा चालिसे खेत, साहीडाँडा र खर्क गैरा फाफुक, साठी मुरे लगाएतका क्षेत्रमा बाढी नियन्त्रणका काम गर्ने | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |
| **वडा नं. १** | | | | | | |
| १ | बाढी | ❖ भुते ग्याभिन जालि ३०० मिटर | | व.वि.व्य.समिति | १५ लाख | |
| | | ❖ खहरे खोला क्षेत्रमा ग्याभिन तटबन्ध | | व.वि.व्य.समिति | १० लाख | |
| | | ❖ रातिखोला ग्याभिन तथा तटबन्ध | | व.वि.व्य.समिति | १० लाख | |
| | | ❖ काप्रेखोला ग्याभिन तथा तटबन्ध | | व.वि.व्य.समिति | २ लाख ५० हजार | |
| | | ❖ राते पहिरो बृक्षारोपण | | व.वि.व्य.समिति | १ लाख | |
| २ | पहिरो | ❖ पिपलनलाङ, अर्चले नलाङ, पहरे केही घर पहिरोमा पर्न सक्ने भएकाले वरीपरि तारजाली लगाउने | | व.वि.व्य.समिति | प्राबिधिक सर्बेक्षण अनुसार | |

## ४.१.(ग) स्थानीय विपद् व्यवस्थापन समितिले कार्यान्वयन गर्ने संस्थागत सचेतना, क्षमता अभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १ | नियमित बैठक तथा समन्वयमा कमि | अत्यावश्यक अवस्था बाहेक पनि नगर विपद् व्यवस्थापन समितिको बैठक मासिक तथा द्वैमासिक रुपमा नियमित संचालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | २०७८ साल देखी |
| २ | समुदायमा प्रकोपहरु सम्बन्धी पर्याप्त जानकारीको अभाव | वडाका सम्पूर्ण घरधुरीहरुलाई आपतकालीन सम्पर्क नम्बर, विभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पुर्वतयारी सम्बन्धि जानकारीमुलक क्यालेण्डर बनाइ बितरण गर्ने ।<br>• क्यालेण्डरको डिजाइन तयार गर्ने ।<br>• क्यालेण्डरहरुको छपाइ तथा वितरण गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | २०७९ |
| ३ | संकटासन्नता तथा क्षमता लेखाजोखा तालिम बारेको सचेतनामा कमि | सबै वडाहरुमा वडा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको लागि सहभागितामुलक संकटासन्नता तथा क्षमता लेखाजोखा तालिम सञ्चालन गर्ने। | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |
| ४ | कृतिम घटना अभ्यास नहुनु | नगरपालिकाको सबै वडा वडामा विपद् व्यवस्थापन कार्यसँग सम्वन्धी कृत्रिम घटना अभ्यास गराई कार्यदललाई तयारी राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |
| ५ | सचेतना अभिबृद्दिका क्रियाकलाप | वडाहरु अन्तरगत समुदायमा विपद् पूर्वतयारी सम्वन्धी सचेतनामुलक सडक नाटक कार्यक्रम सञ्चालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| ६ | विद्यालय, सामुदायिक वन, तथा बिभिन्न उप समितिहरुले विपद् जाखिम न्यूनीकरणको क्षेत्र बहन गर्ने जिम्मेवारी बाडफाड नहुनु । | विद्यालय, सामुदायिक वन, तथा बिभिन्न उप समितिहरुले गर्नुपर्ने जोखिम न्यूनीकरण योजनाहरु कार्यान्वय गराउने र गरेको कामको प्रतिवेदन वडा कार्यालयको बैठकमा प्रस्तुत गर्न लगाई समिक्षा गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |
| ७ | दक्ष जनशक्तिको अभाव | कृषि तथा पशुरोग महामारी न्यूनीकरणको लागि प्रत्येक वडामा दक्ष जनशक्ति उत्पादनको गर्न कृषि तथा पशु सम्वन्धी तालिम सञ्चालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |
| ८ | दक्ष जनशक्तिको अभाव | नगर तथा प्रत्येक वडाका विपद् व्यवस्थापन समितिका ५ जना गरी ५० जना पदाधिकारीहरुलाई ५ दिवसीय समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी २ वटा तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । र यो संख्या प्रत्येक आर्थिक वर्ष बढाउदै लैजाने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | प्रत्येक वर्ष |
| ९ | दक्ष जनशक्तिको अभाव | नगरपालिकाका सबै वडाहरुमा संकटासन्नता तथा क्षमता लेखाजोखा अद्यावधिक गर्ने । (वडाहरुमा संकटासन्नता नक्सांकन गरी होडिङ्ग बोर्ड राख्ने ) | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | प्रत्येक वर्ष |
| १० | विपद् जोखिम व्यवस्थापन सम्बन्धी सूचना संकलन तथा सम्प्रेषणको उचित व्यवस्था नहुनु | नगर स्तरीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्रको स्थापना गरी प्रभावकारीतामा बृद्धि गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | २०७९ साल |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| ११ | पूर्व सूचना प्रणाली प्रभावकारी नहुनु | SMS घेराको निर्माण बारे समुदायमा जानकरी गराई वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई पूर्व सूचना प्रणालीबारे अभिमुखिकरण गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | निरन्तर |
| १२ | प्रतिकार्य योजना नहुनु | नगरपालिकाले नगरस्तरीय वहुप्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | २०७९ साल भित्र |
| १३ | सचेतनाका कार्य | विद्युतीय आगलागी तथा समुदायमा हुने आगलागीबारेको सावधानी अपनाउन सार्वजनिक सचेतनाअभियान । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | प्रत्येक वर्ष |
| १४ | पानीका स्रोत कम हुदै जानु | आगलागी नियन्त्रणको लागि पानीका श्रोतहरु पत्तालगाउने र स्रोत संरक्षणका गर्न वृक्षारोपण तथा संरचनात्मक कार्यहरु गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | प्रत्येक वर्ष |
| १५ | भूकम्पिय सचेतनामा कमि | नगरपालिकाका प्रत्येक वडाका समुदायहरुका अगुवाहरु, स्थानीय संघ संस्थाहरुका प्रतिनिधिहरु, पत्रकार, राजनैतिक दलका प्रतिनिधिहरु लगायत महिला समूहहरुको लागि प्रत्येक वर्ष प्रतिवडा २ वटा भूकम्पीय जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी १ दिवसीय सचेतना कार्यक्रमहरु । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | ✓ | प्रत्येक वर्ष |
| १६ | भूकम्प प्रतिरोधि संरचनाका क्याटालगहरु नहुनु | नगरपालिका भित्र विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघ संस्थाहरुमा कार्यरत इन्जिनियर, आर्किटेक्ट तथा सब इन्जिनियरहरुको लागि २ वटा पाँच दिवसीय भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र भूकम्प प्रतिरोधि संरचनाका क्याटालगहरु बनाई बितरण गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ साल भित्र |
| १७ | विपद् तथा जलवायु परिवर्तन सिकाई केन्द्र नहुनु | वडाहरुमा विपद् तथा जलवायु परिवर्तन सिकाई केन्द्र स्थापना गर्ने र त्यसलाई प्रभावकारी बनाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १८ | सेविकाहरुलाई प्राथमिक उपचार तालिम नहुनु | प्रत्येक वडाबाट कम्तिमा ५ जना स्वयं सेविकाहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ साल |
| १९ | | प्रत्येक वडाबाट कम्तिमा १२ जनाको लागि तीनदिवसीय सरल खोज उद्धार तालिमकार्यक्रमहरु सञ्चालन गर्ने । तथा CADRE तामि उपलब्ध गराउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ भित्र |
| २० | गैरसंरचनात्मक जोखिम न्यूनीकरण सम्बन्धि जानकारीको अभाव | प्रत्येक वडाबाट कम्तिमा ३० जना गृहणीहरुको लागि २ दिवसीय गैरसंरचनात्मक जोखिम न्यूनीकरण तथा पूर्वतयारी तालिम कार्यक्रमहरु प्रत्येक वर्ष सञ्चालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | प्रत्येक वर्ष |
| २१ | वडा भित्र रहेका युवा संस्था सञ्जाल, बाल क्लव, समूह संगठनहरुलाई समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धि प्रर्याप्त जानकारीको अभाव र अग्रसरतामा कमि । | वडा भित्र रहेका युवा संस्था सञ्जाल, बाल क्लव, समूह संगठनहरुलाई समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका सम्बन्धि क्षमता अभिबृद्धि गर्ने तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा अगुवाई गर्न प्रेरित गर्ने किसिमका कार्यक्रमहरु संचालन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | निरन्तर |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| २२ | सम्भावित जोखिम क्षेत्रबारे ज्ञान नहुनु | बाढी/डुबान, आगलागीबाट हुने विपद्हरुको पूर्वतयारीको जानकारीको लागि सम्भावित क्षेत्रमा होर्डिङ्गबोर्डहरु राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल |
| २३ | खुल्ला स्थानको पहिचान नहुनु | नगरपालिका भित्र आपत्कालीन आश्रयका लागि उपयुक्त सार्वजनिक खुल्ला स्थान तथा भवनहरु पहिचान गरि सबैलाई जानकारी गराउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| २४ | समुदायमा प्रभावकारी विपद् व्यवस्थापनको लागि विभिन्न दक्ष कार्यदल नहुनु । | संकटासन्न समुदायहरुमा खोज तथा उद्धार, प्राथमिक उपचार, पुर्व सुचना प्रणाली, आकस्मिक स्वास्थ्य तथा सरसफाई र आवश्यकता लेखाजोखा कार्यदल गठन गरी तत् सम्बन्धि तालिम तथा सामग्रीको प्रवन्ध गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | प्रत्येक वर्ष |
| २५ | समुदायमा परम्परागत तथा निर्वाहमुखी कृषि प्रबिधिको कायम हुनु । | समुदायका विपद् संकटासन्न र नमुना कृषकहरुलाइ कृषि बिज्ञको सहयोगमा विपद् थेग्ने बाली प्रतिस्थापन, बेमौसमि तरकारी, बाली लगायत व्यवसायिक आय आर्जन हुने सीपमुलक तालिम प्रदान गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | प्रत्येक वर्ष |
| २६ | | भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिको जानकारी मूलक सूचना भएको १० वटा होर्डिङ्गबोर्डहरु प्रत्येक वडामा राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ साल भित्र |
| २७ | वन क्षेत्रको आगलागिको बिषयमा समुदायको ध्यान नजानु | सामुदायिक वन उपभोक्ता समिति अन्तरगतका योजनाका क्रियाकलापहरुको कार्यान्वयन गर्ने गराउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| | | प्रत्येक सामुदायिक वनहरुले विपद् व्यवस्थापन कोष स्थापना गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| २८ | समुदायमा प्रतिरोधात्मक निर्माणको बारे सचेतनाको कमि तथा प्रतिरोधि मापदण्ड कडाईका साथ पालना नहुनु । | समुदायमा निर्माणको काम गर्ने सिकर्मि, डकर्मिहरुलाई भूकम्प प्रतिरोधि भवन निर्माण तालिमको साथसाथै बहुप्रकोपले क्षति नगर्ने किसिमको सुरक्षित स्थान पहिचान सम्बन्धि अवधारणगत तालिम प्रदान गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | प्रत्येक वर्ष |
| | | समुदायमा झट्पट् झोलाको आवश्यकता, महत्व र त्यसमा राख्नुपर्ने अत्यावश्यक सामाग्रीको बारेमा सचेतना फैलाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | |
| २९ | बिकासले बिनास निम्तिने खतरा | कुनैपनि बिकास निर्माणको काम गर्दा आवश्यकता अनुसार वातावरणीय प्रभाव मुल्यांकन गरेर मात्र काम गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| **पुर्व तयारीका क्रियाकलापहरु** | | | | | | |
| | विपद् प्रतिकार्य गर्न नगर विपद् व्यवस्थापन समितिको भुमिका अन्तरगत पुर्वतयारीकाआवश्यक क्रियाकलापहरु | • नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति अन्तरगत रु. ८६,०७,१४७ ।७९ आपत्कालीन कोष रहेको तथा थप कोष बृद्दिको क्रियाकलाप तय गर्ने र आपतकालीन कोष संचालन निर्देशिका बनाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |
| | | • अस्थाई पुनर्वासका लागि त्रिपाल, भाँडाकुडा लगायतका उद्दार सामग्रीहरु र स्वास्थ्य सामग्री भण्डारण गरेर राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |
| | | • आपत्कालिन अवस्थाका लागि आवश्यक खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |
| | | • स्थानीय बिकास साझेदारहरु संगको समन्वयमा बृद्दि गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | • आपत्कालिन अवस्थाका लागि आवश्यक खानेपानी शद्धिकरणका समाग्री, पियुष, क्लोरीन झोल जस्ता वस्तु भण्डारण गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |
| | | • समुदायमा मनोसामाजिक परामर्स दिन सक्न व्यक्ति पहिचान गरी तालिमको व्यवस्था गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| | | • समुदायहरुमा स्वास्थ्य बिमा, कृषि बाली, पशुधनको बिमा तथा निर्जिवन बिमाको लागि प्रत्साहित गर्ने कार्यक्रम संचालन गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| | | • प्राथमिक उपचार, खोज तथा उद्दार तालिम प्राप्त व्यक्तिहरुको सुचि तयार गरि वडा कार्यालयमा टास्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| | | • वडामा सहजै उपलब्ध हुने तथा स्थाहि बसोबास गर्ने युवाहरुलाई CADRE तालिम उपलब्ध गराउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | निरन्तर |
| | | • सामुदायिक वनहरुले समूहको नाममा खाता संचालन गरि विपद् व्यवस्थापन कोष स्थापना गर्न लगाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | • नगरपालिका भरिको खुल्ला तथा सुरक्षित स्थानहरू तथा आश्रय स्थलको पहिचान गर्ने<br>नगरपालिका भरिको सुरक्षित स्थानहरु:<br>**वडा नं. १**. जनकल्याण आधारधुत बिद्यालय, श्री आर्दश मा विद्यालय, शान्ति सृजना आधारभुत विद्यालय, शिशु शिक्षा प्रावि , ढाव<br>**वडा नं. २**. श्री खाणदेवि प्राथमिक विद्यालय, श्री कालिका प्रावि, गुयलाघारी, श्री नेपाल राष्ट्रिय प्रा.वि, लेखगाउ, श्री सरस्वति नमुना आधारभुत, नेपाल राष्ट्रिय सृजनसिल प्रावि<br>**वडा नं. ३**. श्री जनकल्याण प्राबि, श्री जनप्रिय आधारभुत बिद्यालय, श्री सहिद स्मिृति प्राबि<br>**वडा नं. ४**. श्री कृष्ण प्राबि सिम्ले, श्री जनक माबि गमखोला, श्री सरस्वति प्राबि कमैघारी, श्री जिवन ज्योती उमाबि<br>**वडा नं. ५**. श्री नेरा माबि, नेटा, जनप्रकाश आधारभुत बिद्यालय, श्री गणेश आधारभुत बिद्यालय, नेरा प्रावि सिग्रेदह, जन प्राथमिक बिद्यालय, नेरा प्रावि सानो खाल्टाकुरा, सिद्देश्वरी प्राथमिक बिद्यालय, चन्द्रोद्धय प्रा.वि, मझुवा, हिमालय प्राथमिक बिद्यालय<br>**वडा नं. ६**. अमरज्योति आधारभुत विद्यालय, पशुपति प्राथमिक विद्यालय, सरस्वती माध्यामिक विद्यालय, श्री नेरा प्राबि , रानागाउँ, श्री जिवन ज्योती प्राबि, जनकल्याण प्रावि, बाघखोर<br>**वडा नं. ७**. श्री पशुपति आधारभुत बिद्यालय, लक्ष्मि आधारधुत विद्यालय, नेपाल राष्ट्रिय आधारभुत विद्यालय<br>**वडा नं. ८**. श्री जनज्योति प्रावि, आरनटुडा, नेरा मावि, कुइनेपानी, नेपाल राष्ट्रिय प्रावि लामिडाँडा, नेपाल राष्ट्रिय प्रावि, कोलखोला<br>**वडा नं. ९**. सरस्वति माबि, सिमदमार, खाँडदेखि माध्यामिक बिद्यालय, नेपाल राष्ट्रिय आधारभुत विद्यालय, कालिका प्रावि, बाखेकोट,<br>**वडा नं. १०**. नेपाल राष्ट्रिय मा.वि, चुलियापानी, नेपाल राष्ट्रिय प्रा.वि, देविडाँडा, नवज्योति प्राबिपो खरेचौर, चन्द्रज्योती मा.वि, चन्द्रपुर, कालिका आधारभुत विद्यालय<br>• समुदाय स्तरमा अन्य खुल्ला तथा सुरक्षित स्थानहरू तथा आश्रय स्थलको पहिचान गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |

| क्र.सं. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | • यस वडा भित्र बन्ने कुनै पनि सार्वजनिक संरचनाहरु बालमैत्री, आपाङ्ग मैत्री, जेष्ठनागरिक मैत्री बनाउने नीति बनाइ लागु गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | निरन्तर |
| | | • लेकवेशी नगरपालिकाको प्रत्येक वडामा वडा आपतकालीन कार्य संचालन केन्द्र र नगरपालिकाको हकमा स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |
| | | • संकटासन्न टोल तथा समुदायमा आवश्यकता अनुसार खोज तथा उद्धार सामग्री, औजार भण्डारण गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | २०७९ साल भित्र |
| | | • बिभिन्न क्षेत्रबाट विपद् व्यवस्थापनको भुमिकामा तालिम प्राप्त, दक्ष, बिशेषज्ञ, जिम्मेवारी वहन गरेका ब्यक्तिहरुको सूची वनाई वडामा तथा नगरपालिकामा राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | २०७९ साल भित्र |

### ४.१ (घ) प्रकापहरुको सन्दर्भमा छुट्टा छुट्टै जोखिम न्यूनीकरण पूर्वतयारी क्रियाकलापहरु :

| प्रकोपहरु | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| भूकम्प | समुदायमा भूकम्प बारेको सचेतनाको कमि | समुदायमा भूकम्प सम्बन्धी जानकारी मुलक पोष्टर पम्पलेट तयार गरी वितरण गर्ने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | विद्यालय र समुदाय | रेडक्रस, | |
| | भूकम्प सम्बन्धी कृत्रिम अभ्यासको बारेमा जानकारीको अभाव | समुदायलाई भूकम्प सम्बन्धी कृत्रिम अभ्यास गराउने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | रेडक्रस | |
| | विपद्‌का बेला अत्यावश्यक सामाग्रीको अभाव हुने | अत्यावश्यक सामाग्री सहितको झटपट झोला सम्बन्धमा समुदायमा जानकारी दिने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |

| प्रकोपहरु | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | आपत्कालिन अवस्थामा तत्काल घाइतेको उद्धार र उपचारको अभाव तथा कार्यदलको अभाव | समुदायमा पूर्वसूचना, खोज तथा उद्धार, प्राथमिक उपचार, आवश्यकता लेखाजोखा, आपतकालिन स्वास्थ्य तथा सरसफाई जस्ता कार्यदलहरू गठन गर्ने तालिम तथा अभ्यासहरू गराउने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | भूकम्प प्रतिरोधी संरचना नहुँदा थप जोखिम बढ्ने | वडा भरिका कच्ची तथा गैर प्रतिरोधी घरहरुको तथ्यांक संकलन गरि नयाँ बन्ने घर नक्सापास गरि भूकम्प प्रतिरोधि मापदण्ड अनुसार मात्र बनाउन पाउने व्यवस्था कडाईका साथ लागु गर्ने । भूकम्प प्रतिरोधि घरहरुको संख्यामा उल्लेख्य बृद्दि गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| बाढी | बाढी सूरक्षा सम्बन्धी पर्याप्त सचेतनाको कमि | नगरपालिका भित्रका बाढी संकटासन्न समुदायहरुमा भविश्यमा बाढीले पुर्याउन सक्ने क्षतिको पुर्वानुमान बारे छलफल तथा अन्तरक्रिया गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | बाढी सम्बन्धी प्रतिकार्यका उपायको बरेमा जानकारीका अभाव | बाढीको पुर्व सुचना प्रणाली  स्थापना गर्ने र जल तथा मौसम बिज्ञान बिभागले जारी गर्ने सुचनाको संयन्त्र समुदाय स्तर सम्म पुर्याउने व्यवस्था मिलाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | जोखिमपूर्ण स्थानको बारेमा समुदायमा पर्याप्त जानकारी नहुनु । | बाढीको समयमा आवश्यक गर्ने उद्धारको सामग्रीहरु प्रतिकार्य टोलीले सहजै उपलब्ध हुने किसिमले तयारी अवस्थामा राख्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | प्रत्येक वडाहरुमा बाढीको जोखिमपूर्ण स्थानहरुको पहिचान गरी सो स्थानहरुमा होडिङ बोर्ड लगाउने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | खोला किनारको जग्गा कटान भई घर तथा खेतबारीहरु मासिन सक्ने | खोला किनारको कटान हुने ठाँउहरु पहिचान गरी जैविक तटबन्ध तथा वायोईन्जिनियरिङ्ग प्रविधि मार्फत जोखिम न्यूनीकरण गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |

| प्रकोपहरु | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| महामारी | स्वास्थ्य र सरसफाईको कमिले गर्दा तथा परजिवि मार्फत फैलिने रोगहरुका साथै कोभिड १९ ले पुर्‍याउने क्षतिले मानिस लामो अवधिसम्म बिरामी पर्ने तथा मृत्यु हुन सक्ने । रोजगारी गुम्ने, उपचारमा खर्च हुने | टेलिफोन, स्थानीय एफ.एम.र पत्रपत्रिकाको माध्यमबाट सम्भावित महामारीको सचेतना सम्बन्धी कार्यक्रम प्रशारण गर्ने । फोहोर मैलाको उचित व्यवस्थापन । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | होटेल रेष्टुरेन्ट तथा हाटबजार तथा सडकमा बेचिने पकाएर वा काँचै खाने वस्तुहरुको गुणस्तरको अनुगमन । माछा मासुको स्वस्थ्यकर उत्पादन तथा विक्रिवितरणमा अनुगमन गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | व्यक्तिव्यक्ति बिच कम्तिमा २ मिटरको दुरि कायम राख्ने, मास्कलगाउने, साबुन पानिले मिचिमिचि हातधुने, ज्वरो, रुघा तथा खोकी लागेमा नजिकको स्वास्थ्य चौकीमा स्वास्थ्य चेकजांच गर्ने कुरा सचेतना जगाउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| हावाहुरी | मानिस,पशुपंक्षीहरु घाइते वा मृत्यु हुन सक्ने । काठबाट बनेका घरहरु तथा कच्ची घरका छाना उडाउने । विद्युत प्रसारण, दूरसञ्चार टावरहरु तथा रुखहरु ढल्ने । आगलागी भई ठूलो क्षेत्रमा फैलन सक्ने । | बनिसकेका घरहरुलाई हुरीबतास प्रतिरोधात्मक बनाउन विशेष मर्मत संभार प्रविधिको प्रयोगबारे समुदायमा सचेतना अभिबृद्दि गर्ने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | विद्युत प्रसारण, दूरसञ्चार टावरहरु लगायत होर्डिङ्ग बोर्डहरुको स्थिरीकरण । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | हुरीबतासको मौसममा आगलागीको सावधानी अपनाउन सार्वजनिक सचेतना अभियान । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| आगलागी | समुदायमा आगलागि नियन्त्रण सम्बन्धिको स्रोत, साधन तथा जनशक्ति नहुनु<br><br>विद्युतीय जोखिम बारे जनचेताको कमि | आगलागी नियन्त्रणका लागि इनार, पोखरी जस्ता जलश्रोतहरुको संरक्षण गर्ने ।<br>अग्नि उपयोगी परम्परागत तथा आधुनिक उपायहरुको व्यापक प्रचार | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |

| प्रकोपहरु | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | आगलागी बारे कृत्रिम अभ्यासहरु गीर जोखिम वर्गको जीवन जोगाउन समुदायलाइ सचेतनामुलक सन्देश दिने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | विभिन्न स्तरमा अग्नि नियन्त्रण तथा प्रतिकार्य तालिम कार्यक्रम । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | नगरपालिकाभित्र तथा आसपासका अस्पतालहरुमा विभिन्नस्तरका जलेका बिरामीहरुको लागि विशेष उपचार कक्षहरुको स्थापना । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | नेपाल सरकार, स्थानीय सरकारले आगलागी हुनसक्ने न्यूनतम आधार मापदण्डहरु जस्तैः हाईटेन्सन लाईनको तल घर नबनाउने, घरमा वायरिङ्ग गर्दा अपनाउने सामानको गुणस्तर, फायर एस्टीनमिसर आदिकुराहरुलाई कडाईका साथ पालना गराउने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | ✓ | |
| | | सामुदायिक वनबाट समुदायमा सर्ने आगलागिबाट बच्न सामुदायिक वनले निर्धारण गरेका योजनाहरु कार्यान्वयन गराउने | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| पहिरो | समुदायमा पहिरो नियन्त्रण गर्न सकिदैन भन्ने धारणा ब्याप्त हुनु । | समुदायमा पहिरोको जोखिम न्यूनीकरणको लागी वडा विपद् व्यवस्थापन समितिले निर्धारण गरेका संरचनात्मक जोखिम न्यूनीकरण क्रियाकलाप अन्तर्गतका क्रियाकलापहरुमा जोड दिने । | नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |

**सम्भावित प्रकोपहरुले सिर्जना गर्न सक्ने अवस्थाः**

सम्भावित प्रकोपहरुले निम्त्याउन सक्ने जोखिमले समुदायमा उल्लेखित अवस्था सिर्जना हुन सक्ने भएको हुनाले स्थानिय विपद् जलवायु उत्थानखि शल समितिले समुदायको सचेतना, क्षमता विकास, पुर्वतयारी, संरचनात्मक जोखिम न्यूनीकरण, गैर संरचनात्मक जोखिम न्यूनीकरण जस्ता कुराहरुमा आवश्यकता अनुसारको योजना तर्जुमा गर्दै कार्यान्वयन गर्दै जानेछ ।

- घरहरु भत्किने, संरचना बिग्रने तथा चर्किएर जोखिमपूर्ण अवस्थाको सिर्जना
- बैकल्पिक बसाईको लागि सुरक्षित आवास गृह नहुनु
- खाद्दान्न, खानेपानी, लत्ता कपडा तथा जिबिकोपार्जनको लागि बैकल्पित स्रोत नहुनु
- उचित शिक्षा, स्वास्थ्यको अभाव हुनु
- सम्पत्ति नासिएको तथा जनधनको क्षति भएकोमा हिनताबोधको अवस्था सिर्जना हुनु ।
- रोजगारीको अवसर गुमाउनु
- प्राकृतिक सम्पदा, भौतिक सम्पदाको क्षति हुनु
- धार्मिक तथा सांस्कृतिक मूल्यमान्यताप्रति नैरास्यता आउनु
- सामाजिक कलह, पारिवारिक बैमनस्यताको अवस्था हुन सक्ने
- गहिरो घाउ चोटका कारण स्वास्थ्य अवस्था बिग्रीने
- आर्थिक अभाव
- मानसिक समस्या
- नियमित दिनचर्या खलबलिनु
- परनिर्भरता बढ्ने
- आदी अवस्थाहरु

## ४.१ (ङ) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति मातहथ कार्यान्वयन गराउने विद्यालय, सामुदायिक वन, स्वास्थ्य चौकी, टोल विकास समितिका सचेतना, क्षमता अभिवृद्धि र पुर्वतयारीका क्रियाकलापहरु

**विद्यालय अन्तरगतका क्रियाकलापहरुः**

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| सबै प्रकोपहरुको सन्दर्भमा | **सचेतनाः**<br>• वडा भित्रका विद्यालयहरुमा बिभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पुर्वतयारी सम्बन्धि मासिक तथा त्रैमासिक रुपमा प्रकोप र बिपद्का सवाल समाबेश गरी हाजिरीजवाफ, वक्तृत्वकला, कथा, कविता, गीत जस्ता प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने<br>• कृत्रिम घटना अभ्यास गराउन<br>**क्षमता अभिबृद्धिः**<br>• वडा भित्रका बिद्यालयहरुका व्यवस्थापन समिति, शिक्षक तथा बिद्यार्थीहरुलाई समाबेश गरेर बिद्यालयको संकटासन्नता क्षमता बिश्लेषण गर्ने र बिद्यालयको बिपद् प्रतिकार्य योजना बनाई लागु गर्ने ।<br>• ने.जु.रे.स.का सदस्यहरुलाई प्राथमिक उपचार तालिम दिने ।<br>• वडा विपद् व्यवस्थापन समितिले तोके अनुसार बैठक, गोष्ठि तथा तालिममा समावेश हुने।<br>**पुर्वतयारीः**<br>• भूकम्प प्रतिरोधि मापदण्ड अनुसार संरचना निर्माण गर्ने, गराउने ।<br>• प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने र त्यसमा आवश्यकता अनुसार औषधि प्रतिस्थापन गर्ने ।<br>• आपतकालीन सम्पर्क नम्बरहरु सबैले देख्ने ठाउमा टाँस गरेर राख्ने ।<br>• गैर संरचनात्मक जोखिम न्यूनीकरण गर्ने ।<br>• सुरक्षित स्थानको पहिचान गरी सबैलाई जानकारी गराउने ।<br>• कुहिने तथा नकुहिने फोहरमैला व्यवस्थापन गर्ने<br>• बिद्यालय सरसफाई, खानेपानी, शौचालय तथा हात धुने स्थानको व्यवस्थापन गर्ने।<br>• मास्कको प्रयोग, सामाजिक दुरी व्यवस्थापन, स्वास्थ्य परीक्षण तथा २० सेकेण्ड सम्म हात धुने तरिकाको कार्यान्वयन गराउने ।<br>• बिद्यालयमा आगो निभाउने यन्त्र जडान गर्ने ।<br>• बिद्यालयमा चट्याङ्ग सुरक्षाको लागि अर्थिङ्ग गर्ने ।<br>• हरेक बिद्यालयमा विपद् फोकल पर्सन तोक्ने ।<br>• विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित सम्पन्न गरेका क्रियाकलापहरुको प्रतिबेदन वडालाई उपलब्ध गराउने । | प्र.अ. | बिद्यालय | स ं घ संस्था | निरन्तर |

## स्वास्थ्य अन्तरगतका क्रियाकलापहरु :

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| सबै प्रकोपहरुका सन्दर्भमा | **सचेतना**:<br>• स्वास्थ्य संस्थामा बिभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पुर्वतयारी सम्बन्धि त्रैमासिक छलफल गर्ने ।<br>• विपद् जोखिम न्यूनीकरण तथा स्वास्थ्य सरसफाईका पोस्टर, पम्पलेट टाँस तथा वितरण गर्ने ।<br>• सेवाग्राहीलाई स्वास्थ्य सरसफाईको बिषयमा जानकारी आदान प्रदान गर्ने ।<br>• कोभिड तथा माहामारीका बिषयमा सचेतना अभिबृद्दि गर्ने ।<br>• सामाजिक दुरी कायम गर्ने ।<br>**क्षमता अभिबृद्दि**:<br>• महिला स्वास्थ्य स्वयं सेबिकाका लागि प्राथमिक उपचार तालिमको व्यवस्था गर्ने<br>• गाँउघर क्लीनिक तथा घुम्ती शिबिरको व्यवस्थापन गर्ने ।<br>• वडा विपद् व्यवस्थापन समितिले तोकेको विपद् जोखिम न्यूनीकरण सम्बन्धिको बैठक तथा तालिममा जाने ।<br>• तालिम प्राप्त जनशक्तिको विकास गर्ने ।<br>**पुर्वतयारी**:<br>• आपत्कालीन अवस्थाको लागि स्वास्थ्य सामग्री मौजाद राख्ने ।<br>• आपतकालीन सम्पर्क नम्बरहरु टाँस गरेर राख्ने ।<br>• RRT टिम गठन तथा परिचालन गर्ने ।<br>• सबै स्वास्थ्य स्वयं सेबिकाहरुलाई प्राथमिक उपचार तालिम प्रदान गर्ने ।<br>• गैर संरचनात्मक जोखिम न्यूनीकरण गर्ने ।<br>• सुरक्षित स्थानको पहिचान गरी सबैलाई जानकारी गराउने ।<br>• कुहिने, नकुहिने तथा अति सम्बेदनशील फोहरमैला व्यवस्थापन गर्ने ।<br>• स्वास्थ्य संस्था भित्र सरसफाई, खानेपानी, शौचालय तथा हात धुने स्थानको व्यवस्थापन गर्ने ।<br>• मास्कको प्रयोग, सामाजिक दुरी व्यवस्थापन, स्वास्थ्य परीक्षण तथा २० सेकेण्ड सम्म हात धुने तरिकाको कार्यान्वयन गराउने ।<br>• स्वास्थ्य कार्यालयमा आगो निभाउने यन्त्र जडान गर्ने ।<br>• स्वास्थ्य संस्थामा कन्टेनरको व्यवस्था गर्ने । | स्वास्थ्य कार्यालय | | | निरन्तर |

## सामुदायिक वन अन्तरगतका क्रियाकलापहरु:

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
